मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

ऊर्जा क्षेत्रको विकासका लागि नयाँ कार्ययोजना तयार



समाचार पृष्ठ ६ मा

वर्ष २ | अंक ३३० | २०८१ साल कार्तिक ०८ गते बिहीबार | Thursday 24, October 2024 | सूर्योदय: बिहान ६:१० बजे | सूर्यास्त: साँझ ५:२८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## संकटमै मधेश प्रदेश सरकार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका शीर्ष नेताहरूको अभिव्यक्ति र सामाजिक सञ्जालमा सरकारप्रति आलोचनात्मक मात्र होइन, आक्रामक हुँदै गएको देखिन्छ । उनीहरुले गरेको पोस्ट र विचार हेर्दा पार्टीका साथै जनमत नेतृत्वको मधेश सरकार सङ्कटमा रहेको अनुमान गर्न सकिन्छ । यद्यपि जनमत पार्टीले यसको खण्डन गर्दै आएको छ ।

जनमत पार्टीले मधेश प्रदेशको सरकार नेतृत्व गरिरहँदा पछिल्लो समय सरकारको काम कारबाहीप्रति सत्ता साझेदार दलकै नेताहरूले असन्तुष्टि जनाएपछि सरकार सङ्कटमै परेको हो कि भन्ने आशंका देखिएको हो । मधेश सरकार जनमत पार्टीले एकलौटी चलाइरहेको गुनासो सत्ता साझेदार दलकै एमाले कांग्रेसका नेताहरूले गरेपछि आशंका उब्जिरहँदा जनमतका नेताहरु पनि केन्द्र सरकारप्रति उस्तै कटाक्षमा उत्रिएपछि यसले झन संशय खडा गरेको छ ।

मधेश प्रदेश सरकारमा जनमत पार्टीले अरू दलको मन्त्रालयमा पनि हस्तक्षेप गरेको साझेदारहरुको गुनासो छ । जनमत पार्टीको केन्द्रसम्म यो विषय पुगिसकेको छ । पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउ परेपछि जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले दिएको अभिव्यक्तिपछि पनि मधेश सरकारको आयु गणना शुरु भएको हो ।

जनमतका उपाध्यक्ष एवा् मधेस प्रदेशका सांसद वसन्त कुशवाहाले मधेश प्रदेश सरकार परिवर्तनको हल्ला फिँजाएर सरकार, कर्मचारी र मधेशी जनतालाई भ्रमित गर्न खोजिएको दाबी गरे पनि जनमतकै नेतृत्वका कारण प्रदेश सरकार संकटमा पर्दै गएको छ । आफ्ना नेता कार्यकर्तालाई आन्दोलनका लागि तयार रहन निर्देशन दिएपछि पनि सरकारको आयुबारे बहस शुरु भएको हो । पछिल्लो समय जनमत पार्टीका अध्यक्ष राउतले सरकारविरुद्धमा दिएको अभिव्यक्तिबारे बालुवाटारमा पनि चर्चा भएको छ । संसद् होस् वा बाहिर, अध्यक्ष राउतले केन्द्रीय सरकारलाई बेफाइदा हुने खालको अभिव्यक्ति दिँदै आएका छन् । जसले गर्दा मधेश प्रदेश सरकारको विकल्पबारे सोच्न प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका सभापति शेरबहादुर देउवा लगभग सकारात्मक देखिएको पाइएको छ । अध्यादेशको विषय र सरकारको सयदिने उपलब्धिमा अड्किएका कारण मधेश प्रदेश सरकारबारे छलफल हुन नसकेको र अब छलफल चल्ने बताइएको छ ।

## सूचनाको हक कार्यान्वयनमा सरकार प्रतिबद्धः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सरकारका काम, प्रक्रिया र निर्णयबारे सार्वजनिक गर्ने पदति संस्थागत भए सूचनाको हक स्वतः स्थापित हुने बताएका छन् । लोकतान्त्रिक व्यवस्थामा नागरिक सर्वोच्चता महत्वपूर्ण र अपरिहार्य भएकाले सार्वजनिक निकायसँग सम्बद्ध कार्य वा विषयमा सूचनाको हक कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घद्वारा जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सूचनाको हकसम्बन्धी प्रशिक्षण शिविर उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले सार्वजनिक जरुरी वा चासोका विषयमा नागरिकलाई सहज ढङ्गले सूचना उपलब्ध गराउन सरकारको कानूनी र नैतिक कर्तव्य भएको उल्लेख गरे । उनले पछिल्ला दिनमा सूचनाको हक प्रयोगप्रति नागरिक चेतना वृद्धि भएको औँल्याउँदै उनले सूचनाको हकमार्फत माग गरिएका सूचना प्रवाहबारे व्यवस्थित अभिलेखीकरण हुनुपर्नेमा जोड दिए ।

'यसले सूचनाको हक कार्यान्वयनका जटिलता र समस्या पहिचान गर्नेछ, जसबाट सूचनाको हकसम्बन्धी कानून कार्यान्वयमा सघाउ पुग्नेछ,' मुख्यमन्त्री सिंहले भने । सूचनाको हकसम्बन्धी कानूनले तय गरेका सूचना प्राप्तिका लागि सरकार र नागरिक दुवैको क्रियाशीलता आवश्यक रहेको चर्चा गर्दै उनले सरकारका कामकाजमा पारदर्शीताका लागि मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णयहरु वेबसाइटमार्फत निरन्तर सार्वजनिक भइरहेको जानकारी दिए ।

मुख्यमन्त्री सिंहले सूचना दिन कठिन हुने काम कसैको लहलहैमा लागेर नगर्न जनप्रतिनिधि तथा कर्मचारीलाई सुझाव दिए । उनले सूचनाको हकलाई व्यवस्थित, प्रभावकारी र परिणामुखी बनाउन विभिन्न मन्त्रालय तथा मातहतका निकायमा बाँकी रहेका सूचना अधिकारी तोकी तत्काल तस्बिर र फोन नम्बर उल्लेख गरेर सार्वजनिक सूचना टाँस गर्न निर्देशन दिए ।

मधेश प्रदेशका एक सय ३६ स्थानीय तहलाई सूचना अधिकारी नियुक्त गर्न प्रदेश सरकारले तत्काल पत्राचार गर्ने मुख्यमन्त्री सिंहले बताए । उनले प्रदेशमा कर्मचारी अभाव र कार्यबोझका कारण सूचना अधिकारीलाई समयमै आवश्यक सूचना उपलब्ध गराउन कठिनाइ भइरहेको बताए । सूचनाको हकलाई कार्यमूलक र उपलब्धिमूलक बनाउन प्रदेशमा प्रमुख सचिव र जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको अनुगमन समिति विघटन गरी अर्को समिति बनाउनुपर्ने सुझाव दिए ।

'कर्मचारीको कमजोरी र कामका चापका कारण दुवै समिति सक्रियरूपमा काम गर्न सक्ने अवस्थामा छैनन्,' उनले भने । प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले मधेश प्रदेश सरकारमाथि शुरुदेखि नै हुँदैआएका टिकाटिप्पणी र आरोपका कारण पनि सूचनाको हक कार्यान्वयनका सन्दर्भमा मौजुदा सरकारले बढी गम्भीरता देखाएको बताए । उनले राज्यको संरचना र परिवेश फेरिएकाले पनि प्रदेश सरकारले आफ्नो भूमिका समयानुकूल बनाउन खोजेको भन्दै सूचनाको हक कार्यान्वयनमा सबै पक्षको सक्रियता आवश्यक भएको बताए ।

मन्त्री लेखीले सञ्चार क्षेत्रको विकासका लागि गर्नुपर्ने कामकाजबारे सुझाव सङ्कलन गर्न मन्त्रालयले तीन सदस्यीय समिति गठन गरेको र समितिले काम गरिरहेको जानकारी दिए ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सूचनाको हक प्रयोग गरी प्राप्त भएका सूचनाका आधारमा ठूलठूला अनियमितता तथा भ्रष्टाचारबारे महत्वपूर्ण तथ्य सार्वजनिक भएको र विधिप्रक्रिया स्थापित हुनुका साथै बेथितिमा परिवर्तन आएको बताए । 'पर्याप्त सूचना माग भएको देखिँदैन । यसका लागि प्रदेश र पालिकास्तरमा चेतना जगाउनु आवश्यक छ,' उनले भने ।

## समाजवादी युवा संघ सिरहामा यादव



**मधेशदृष्टि**
**सिरहा ।**
जनता समाजवादी पार्टी नेपालको भ्रातृसंस्था समाजवादी युवा संघ नेपाल सिरहाको तदर्थ कमिटी अध्यक्षमा डा. लोकेश यादव चयन भएका छन् ।

मगंलबार अबेर रातिसम्मको बैठकमा डा. यादवलाई चयन गरिएको हो ।

बैठकमा जसपा नेपालका केन्द्रीय सचिव सुरेश मण्डल, केन्द्रीय कार्यकारिणी सदस्य एवम् मधेश प्रदेश सभा सदस्य राजकुमार गुप्ता, अशेश्वर यादव, केन्द्रीय सदस्य चन्देश्वर पासवान, समाजवादी युवा संघको संघीय अध्यक्ष संजीव यादव, पार्टी जिल्ला अध्यक्ष अशोक यादव, युवा संघ मधेश प्रदेशका कार्यबाहक अध्यक्ष कमलेश यादव, प्रेस मञ्चका प्रदेश अध्यक्ष अभरेन्द्र यादव, केन्द्रीय सदस्य वीरेन्द्र यादव र धनुषा जिल्ला अध्यक्ष दिप्पु कापर लगायतको सहभागिता थियो ।

## मौलापुरबाट सिक्न आग्रह




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिकामा 'बेटी (छोरी) के साथ मेयर' कार्यक्रम लोकप्रिय बन्दै गइरहेको छ । 'बेटी (छोरी) के साथ मेयर' कार्यक्रम मधेश प्रदेश, नेपालमा मात्र नभएर यसको चर्चा भारतको बिहार राज्यमा समेत हुने गरेको छ । मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहको पहलमा शुरु भएको कार्यक्रमले मौलापुरको चौतर्फी चर्चा हुने गरेको छ ।

मौलापुर नगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा ७५ घरपरिवारलाई 'बेटी (छोरी) के साथ मेयर' कार्यक्रम अन्तर्गत ३०–३० हजार रुपैयाँको चेक हस्तानान्तरण गरिएको छ । कार्यक्रम अन्तर्गत कानूनअनुसार विवाह गर्न उमेर पुगेका गरिब, असहाय छोरीको परिवारलाई विवाह गर्ने बेलामा ३० हजार रुपैयाँ आर्थिक सहयोग नगरपालिकाले गर्दै आएको छ । अहिलेसम्म हजारौँ घरपरिवारले यो सेवा पाइसकेको मौलापुर नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए ।

'कानूनअनुसार छोरीहरुको विवाह गर्ने समयमा नगरपालिकाले ३० हजार रुपैयाँ सहयोग गर्दै आएको छ । यसअघि पनि यो सेवा हजारौँ परिवारले पाइसकेका छन् । विभिन्न कारणले छुट हुन गएका परिवारलाई चेक हस्तानान्तरण गरिएको हो,' साहले भने । छोरीको विवाहका बेलामै चेक पाउनुपर्ने तर निवेदन नदिएकाले ढिला हुन गएको र नगरपालिकाले बोलाएर नै ३० हजारको चेक दिएको मैना देवीले बताइन् । 'सबैले पाउँछन्, मैले पनि पाएँ । छोरीको विवाहको बेला खर्च त बढी नै हुन्छ तर नगरपालिकाले कमसेकम यती सहयोग गर्नु, छोराछोरीको पढाइ, परिवारको स्वास्थ्यलगायतका विषयमा राम्रो काम गरेकाले हामी खुशी छौँ,' मैना देवीले भनिन् ।

यस्तै चेक पाउने सुशीला देवीले मौलापुर नगरपालिकाको यस्तो काम धेरै नै राम्रो भएको बताइन् । 'हुन त यो सानो रकम हो, तर हाम्रो लागि ठूलो हो । हामीलाई यति सहयोग गरेर माया, स्नेह राखिराख्ने मेयर रिना दिदीलाई धन्यवाद भन्न चाहन्छु । उहाँले सधै यस्तै राम्रो काम गर्दै अगाडि बढ्नू, हाम्रो साथसहयोग सधैँ रहन्छ,' सुशीला देवीले चेक पाएपछि खुशीले गदगद हुँदै भनिन् ।

यस्तै, अर्का सेवाग्राही धर्मेन्द्र यादवले समेत मेयर रिना साहको तारिफ गरे । 'छोरीको विवाह होस् वा मालपोत कर, कुनै प्रकारको सिफारिस । हामीले कुनै पनि किसिमको कर तिर्नुपर्दैन नगरपालिकामा । फ्रि बिजुली, फ्रि पानीलगायतका कार्यक्रमले हामी खुशी नै छौँ । म त भन्छु यी कार्यक्रम अरु पालिकाका साथै मधेश प्रदेश सरकार र हाम्रो प्रधानमन्त्री केपी ओलीजीले पनि सिकेर देशैभर लागू गर्नुपर्छ,' यादवले भने ।

मौलापुर नगरपालिकाकी मेयर साहको पहलमा 'छोरीको साथमा मेयर' कार्यक्रमका साथै 'फ्रि बिजुली, फ्रि पानी' लगायतका महत्वपूर्ण कार्यक्रम लागु भएको छ । मेयर साहकै पहलमा मौलापुर नगरपालिकामा मालपोत शुल्क, नागरिकता सिफारिस, विवाह दर्ता, मृत्यु दर्तालगायतका विभिन्न सिफारिसको समेत शुल्क शून्य बनाइएको छ । शून्य शुल्कको नीति लिएको मौलापुरको यस्तो कामले सर्वसाधारण खुशी व्यक्त गरिरहेका छन् । मधेश प्रदेशकै एक र पहिलो महिला मेयर रिनाकुमारी साहको जनपक्षीय कामले अहिले चौतर्फी चर्चा भइरहेको छ । मेयर साहले जनताको पक्षमा गरेको विभिन्न कामले उनी चर्चामा छिन् ।

कुशवाहाले मधेश प्रदेश सरकार परिवर्तनको हल्ला फिँजाएर सरकार, कर्मचारी र मधेशी जनतालाई भ्रमित गर्न खोजिएको दाबी गरे पनि जनमतकै नेतृत्वका कारण प्रदेश सरकार संकटमा पर्दै गएको छ । आफ्ना नेता कार्यकर्तालाई आन्दोलनका लागि तयार रहन निर्देशन दिएपछि पनि सरकारको आयुबारे बहस शुरु भएको हो । पछिल्लो समय जनमत पार्टीका अध्यक्ष राउतले सरकारविरुद्धमा दिएको अभिव्यक्तिबारे बालुवाटारमा पनि चर्चा भएको छ । संसद् होस् वा बाहिर, अध्यक्ष राउतले केन्द्रीय सरकारलाई बेफाइदा हुने खालको अभिव्यक्ति दिँदै आएका छन् । जसले गर्दा मधेश प्रदेश सरकारको विकल्पबारे सोच्न प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका सभापति शेरबहादुर देउवा लगभग सकारात्मक देखिएको पाइएको छ । अध्यादेशको विषय र सरकारको सयदिने उपलब्धिमा अड्किएका कारण मधेश प्रदेश सरकारबारे छलफल हुन नसकेको र अब छलफल चल्ने बताइएको छ ।

## निर्धारित समयमा काम सक्ने सरकारको प्राथमिकता



**काठमाडौं ।**
थालेका काम समयमा पूरा नहुने र नयाँनयाँ आयोजना थपिने क्रमलाई अन्त्य गर्न सरकारले विशेष ध्यान दिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले सय दिने कार्यअवधिमा भएका प्रगति सार्वजनिक गर्ने क्रममा बुधबार आफूले जनताको विश्वास र भरोसाका आधारमा जनताका नाममा खाएको शपथलाई जनताकै लागि समर्पित गर्ने अठोट पनि अभिव्यक्त गरे ।

प्रधानमन्त्री ओलीले साउन ६ प्रतिनिधिसभामा विश्वासको मत लिँदै गर्दा सरकारका पाँचवटा प्राथमिकता प्रस्तुत गर्दा 'थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने' कुरालाई पहिलो प्राथमिकतामा राखेको सुनाएका थिए । सिंहदरबारबाट सम्बोधन गर्दै सय दिनको उपलब्धि सार्वजनिक गर्दा उनले आफ्ना ती भनाइलाई पुनःस्मरण गराउँदै संसद्मा गरिएको प्रतिबद्धताबाट अविचलित रहने स्पष्ट गरे ।

सरकारको पहिलो सय दिनभित्र गर्ने कामको संख्या दुई सय ७४ पुगेका छन् । तीमध्ये एक सय ८५ वटा काम सम्पन्न भएका छन् । अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ । यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गर्ने थियो भन्ने प्रधानमन्त्री ओलीको स्पष्ट सन्देश रहेको छ ।

असोज १० देखि १३ गते अकल्पनीय बाढीपहिरोको चपेटामा मुलुक पर्न गयो । यसै अवधिमा देशभर सात हजार १३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटना भए । प्राकृतिक विपत्तिले धनजनको ठूलो क्षति गर्‍यो । कृषिबाली,

*बाँकी पृष्ठ २ मा*

# प्रधानमन्त्रीको सम्बोधनको पूर्णपाठ

**–केपी शर्मा ओली, प्रधानमन्त्री**

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

गएको असार ३१ गतेको दिन, जब मैले पदको शपथ लिँदै थिएँ, तपाईंहरूको नाममा शपथ लिएको थिएँ । किनभने यो सरकार तपाईंहरूको आशा, तपाईंहरूको सपना, र तपाईंहरूको विश्वासले बनेको हो ।

त्यो दिन मैले तपाईं नाममा शपथ लिनुको दुईवटा कारण छन् ।

पहिलो, तपाईंकै विश्वास र भरोसाका कारण यो सरकार बनेको हो ।

दोस्रो, यो सरकार तपाईंकै लागि बनेको हो ।

आज हामीले सत्ता सम्हालेको एक सय दिन पूरा भएको छ । तर म यहाँ तपाईंहरूलाई तथ्याङ्कको लामो सूची सुनाउँदै छैन । किनकि अङ्कहरू आफैँमा के हुन् र ? वास्तवमै महत्वपूर्ण कुरा भनेको ती अङ्कहरूले छोएका जीवन, हल्का बनाएका पीडा, र देखाएका सुन्दर भविष्य हुन् ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

गएको साउन ६ गते मैले संसद्मा विश्वासको मत लिँदै गर्दा यो सरकारका पाँचवटा प्राथमिकता प्रस्तुत गरेको थिएँ ।

‘थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने’ कुरालाई सरकारले पहिलो प्राथमिकतामा राखेको थियो ।

पहिलो सय दिनमा हामीले कुन–कुन मन्त्रालयअन्तर्गत के–के काम थालेका छौँ र ती थालिएका कामहरू कसरी समयमै सम्पन्न गर्ने भन्नेबारे योजना बनाई कामको प्राथमिकता तोक्यौँ । र, त्यसैको आधारमा प्रधानमन्त्री र मन्त्रीहरूका बीच कार्यसम्पादन सम्झौता ग¥यौँ । सबै मन्त्रालयले पहिलो, एक सय दिन, दोस्रो सय दिन र बाँकी अन्य दिनभित्र गर्ने कामहरूको सूची बनाए । पहिलो सय दिनभित्र सबै मन्त्रालयको गर्ने भनेको कामको सङ्ख्या २७४ वटा पुग्यो । तीमध्ये १८५ वटा कामहरू सम्पन्न भएका छन् । अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ । यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गथ्र्यो ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

जब म नयाँ प्रधानमन्त्रीका रूपमा शपथ लिँदै थिएँ, त्यसको केही दिन अघिदेखि नै हामी त्रिशूली नदीको सिमलतालमा तीर्थयात्री बोकेको बस यात्रुसहित बेपत्ता भएको दुःखद घटनाबाट शोकमा थियौँ । त्यसको केही दिनपछि सौर्य विमान दुर्घटना, नुवाकोटमा हेलिकप्टर दुर्घटना र भारतीय पर्यटक बस दुर्घटना भयो । गएको असोज १० देखि १३ गते अकल्पनीय बाढी पहिरोको चपेटामा मुलुक प¥यो । यसै अवधिमा देशभर सात हजार १३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटना भए । प्राकृतिक विपत्तिले धनजनको ठूलो क्षति ग¥यो । कृषिबाली, पशुचौपाया एवम् सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युतलगायतका भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो ।

विपत्तिबाट प्रभावित नागरिकहरूको परिवारहरूलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर हामीले काम अघि बढायौँ । पीडितपरिवारको राहत, घाइतेहरूको उद्धार र निःशुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनस्र्थापनमा सरकारलाई केन्द्रित ग¥यौँ । बाढीपहिरोका कारण मृत्यु भएका ३९१ जनाको परिवारले दुई लाखका दरले राहत पाएका छन् । बाढीपहिरोबाट प्रभावित दुई हजार ५५५ परिवारलाई चार करोड ५० लाख रुपैयाँ तत्काल राहत प्रदान गरिएको छ । सङ्कटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

प्रारम्भिक क्षतिको आकलन गरी अस्थायी बासस्थानको प्रबन्ध गर्ने कामलाई प्राथमिकतामा राख्यौँ । हामी अहिले बाढीपहिरोले क्षति पु¥याएका भौतिक संरचनाहरूको निर्माणका कार्ययोजनासहित काम गरिरहेका छौँ । सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका जिल्लाको खानेपानी, विद्युत्, सडक, सञ्चारलगायत अत्यावश्यक सेवा पन्ध्र दिनभित्र सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम उपलब्ध गराइसकेका छौँ ।

यही बीचमा नेपालीहरूको महान् पर्व बडादसैँ आयो । ठाउँ–ठाउँमा बाटाहरू भत्किएका थिए, सडकहरू पहिरोले पुरिएका थिए, र पुलहरू बाढीले बगाएका थिए । राजधानी आउने÷जाने सबै बाटा बन्द थिए । प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो । पहिले त मानिसहरू डराएका थिए—सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने डर थियो । तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिहरूलाई कुशलतापूर्वक सम्हाल्यो । परिणामस्वरूप, राजधानी आउने बाटाहरू चालु अवस्थामा पु¥याए, अब बन्दै बन्दै भनिएको बिपी राजमार्ग हुँदै सवारी साधन चल्न सुरु गरे । यस वषर्को दसैँमा पनि काठमाडौँ छोडेर घर फर्कनेको सङ्ख्या अघिल्लो वर्ष जस्तै करिब आठ लाख १४ हजार २४६ पुग्यो । दसैँमा एक लाख ११ हजार १५४ सवारी साधन काठमाडौँ उपत्यकाबाट बाहिरिए ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

एक वर्षअघि जाजरकोट, पश्चिम रुकुम, बझाङ, बाजुरा र डोटीमा भूकम्पले गहिरो चोट पु¥याएको थियो । ती स्थानहरूको पुनर्निर्माण कार्य त सुरु नै भइसक्नुपर्ने थियो । तर स्रोत व्यवस्थापनका लागि गर्नैपर्ने क्षतिको विस्तृत आकलन (डिडिए) समेत भएको रहेनछ, अस्थायी वासको लागि दिइने २५ हजार राहतमै पुनर्निर्माण कार्य अल्झिएको रहेछ ।

हामीले यस समस्यालाई समेत सम्बोधन गर्नेगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकबाट क्षतिको विस्तृत आकलन पूरा गर्दै, ती ठाउँमा स्थायी निजी आवास पुनर्निर्माणको काम अघि बढाउन आवश्यक बजेट १५ दिनभित्र उपलब्ध गराउने निर्णय गरिसकेका छौँ । हाम्रो उद्देश्य पीडित जनताको जीवनमा स्थिरता र सुरक्षा फिर्ता ल्याउनु हो ।

अब, एक वर्षअघिको भूकम्पले क्षतिग्रस्त भएका घरहरू र यस वर्षको बाढी र पहिरोले पीडित नागरिकहरूको आवास पुनर्निर्माण सँगसँगै अघि बढ्नेछ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

प्राकृतिक विपत्तिले सरकारको कामलाई केही समय धीमा त बनायो, तर सरकार सम्हालिँदै अघि बढ्यो ।

लामो समयदेखि ३५ जिल्लाका ३० लाखभन्दा बढी किसान दूधको भुक्तानी नपाएर कठिनाइमा थिए । बितेको एक सय दिनमा, लगभग १५ लाख दुग्ध किसानले भुक्तानी पाएका छन् । उनीहरूले पाउने रकम भुक्तानीका लागि सरकारले ६० करोड रुपैयाँ निकासा गरेको थियो । त्यसैगरी, करिब ७५ हजार उखु किसान, जसले वर्षौंदेखि आफ्नो पसिनाको मूल्य पाउन सकेका थिएनन्, उनीहरूले पनि आफ्नो अनुदान बापतको भुक्तानी पाइसकेका छन् ।

कृषिबाली तथा पशुधन बीमामा समावेश भएका हजारौँ कृषकले पनि अब राहतको श्वास फेरेका छन् । बितेको एक सय दिनमा, तिनीहरूको बीमाबापतको भुक्तानी गर्न ८० करोड रुपैयाँ बीमा प्राधिकरणको खातामा पठाइएको छ । हिउँदे बालीका लागि चाहिने रासायनिक मलको बन्दोबस्त गरिसकिएको छ ।

हामीले संसद्मा भनेका थियौँ—निर्माण सम्पन्न गरेर भुक्तानी पाउन नसकेका निर्माण व्यवसायीहरूलाई समयमै भुक्तानी दिनेछौँ। निर्माण व्यवसायीहरूले पाउनुपर्नेमध्ये सङ्घीय मन्त्रालयहरूबाट ६ अर्ब ७५ करोड रुपैयाँ यस अवधिमा भुक्तानी पाइसकेका छन् ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

संसद्बाट विश्वासको मत लिने बेला प्रस्तुत गरेको अर्को प्राथमिकता थियो– उद्यमशीलताको प्रवद्र्धन । काम गर्ने युवाहरूलाई देशमा केही अवसर छैन, विदेश नै भासिनुपर्छ भन्ने समाजमा जबर्जस्त भाष्य छ । उद्योग मन्त्रालयले १६५ जना युवालाई खुला आवेदनको माध्यमबाट विनाधितो २५ लाख रुपैयाँ सम्मको ‘स्टार्टअप’ कर्जा प्रवाह गरेका थियो । ती युवाहरूले आफ्नो व्यवसाय सञ्चालन गरेर कर्जाको सावा÷ब्याजको किस्ता भुक्तानी समेत सुरु गरेका छन् ।

यस वर्ष पाँच हजार १५८ जना उद्यमीले स्टार्टअप कर्जाका लागि प्रस्ताव पेस गरेका छन् । प्राप्त प्रस्तावहरूमध्येबाट स्टार्टअप उद्यमी छनोट गरी पुस मसान्तभित्र कर्जा प्रवाह गर्ने तयारी गरिएको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

संसद्बाट विश्वासको मत लिँदैगर्दा मैले भनेको थिएँ– ‘कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीउपर कानुनी कारबाही अघि बढाउँछौँ । जोसुकै भए पनि सहकारी ठगलाई कानुनी कारबाही गर्नेछौँ ।’

आज यहाँ उभिएर म यो भन्ने ठाउँमा आइपुगेको छु– सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम अपचलन र ठगी गर्नेहरूलाई सरकारले कानुनी कारबाहीको दायरामा ल्याएको छ । सहकारी ठगी गर्ने व्यक्तिहरूमाथि कानुनी कारवाही सुरु भएको छ । हालसम्म ६ सयभन्दा माथिलाई कानुनी कारबाही गरिएको छ, ५७५ भन्दा बढी त जेलमै छन् । सहकारी ठगहरूलाई कारबाही गर्ने मात्र होइन, बचतकर्ताको बचत फिर्ता गर्नका लागि आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधीकरण स्थापना गर्ने काम पनि सँगसँगै अघि बढाइँदैछ ।

भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र ‘सुटिङ’ गरेर देखाउने विषय बन्नु हुँदैन । यसले सुशासनको प्रणालीका रूपमा गति लिनुपर्छ । भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामेरालाई होइन, कानुनलाई गुरु मानेको छ । ‘भ्रष्टाचारी समातियो’ भन्ने केही समय हल्ला मच्चिने, तर परिणाममा भ्रष्टाचार बढ्दै जाने खालको अवस्था होइन, परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानुनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने हाम्रो प्राथमिकता छ ।

भ्रष्टाचारका कसुरमा फस्ने त्रास र त्यसबाट उम्किने आकाङ्क्षा, भ्रष्ट र भ्रष्टाचारका मतियार जोगाउने उद्देश्यका साथ देशमा अस्थिरता र अराजकता फैलाउन खोज्ने तत्वहरू सक्रिय रहेको हामीले देखिरहेका छौँ ।

सरकारले विकास र सुशासनका लागि सही दिशामा काम अघि बढाएकाले भ्रष्टहरूको मोर्चा बन्नु बेग्लै कुरा हो । तर, म प्रतिबद्धता दोहो¥याउन चाहन्छु– राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता गर्दैन ।

हामी सरकारमा आउँदा अर्थतन्त्र डावाडोल थियो । आज त्यसमा सुधारका सङ्केतहरू देखापरेका छन् । निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगहरूको गठनले व्यवसायीहरूमा आत्मविश्वास पलाउँदै गएको छ । परिणमस्वरुप, एक सय दिनको अवधिमा २०० वटा उद्योगमा करिब ३४ अर्ब रुपैयाँ लगानीको प्रतिबद्धता आएको छ । अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अन्तिम चरणमा पुगेको छ । लामो समयदेखि गिरेको शेयरबजार प्राकृतिक विपत्तिको प्रतिकूलताका बीचमा पनि प्रगतिकै लयमा छ ।

नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म र अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार तथा टर्मिनल भवन निर्माण कार्य अगाडि बढाउन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच सम्झौता सम्पन्न भएको छ ।

वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको छ । यस संस्थाले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाहरूको कार्यक्षमता, पारदर्शिता, र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्नेछ ।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म सङ्घीय सरकारी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही प्रतिशतले वृद्धि भई करिब ३२९ अर्ब रुपैयाँ पुगेको छ । कुल राजस्व परिचालन १३ दशमलव तीन प्रतिशतले वृद्धि भई करिब २४८ अर्ब रुपैयाँ पुगेको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

अभाव र गरिबीको जीवन बाँचिरहेका नागरिकहरूको सेवा, हाम्रो तेस्रो प्राथमिकता थियो । यसका लागि हामीले आर्थिक अभावमा जलनको उपचार गर्न नसक्ने नागरिकहरूका लागि सातवटै प्रदेशमा निःशुल्क उपचारको व्यवस्था गरेका छौँ । कोशी प्रदेशको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश प्रदेशको नारायणी अस्पताल, बागमती प्रदेशको कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई कस्मेटिक बाहेकको जलन उपचार निःशुल्क गर्ने व्यवस्था गरिएको छ । यसअघि तीनवटा प्रदेशमा मात्र उपलब्ध रहेको क्यान्सर उपचार सेवा सातै प्रदेशमा विस्तार गरेका छौँ । देशभरका १९ वटा सङ्घीय अस्पतालहरूमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गरी १८ सङ्घीय अस्पतालहरूमा सहज उपचार सेवा प्राप्तिका लागि टोकन प्रणाली लागू गरिएको छ ।

दिदीबहिनी तथा दाजुभाइहरू,

सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती र प्रशासनिक काममा हुने झन्झट र नागरिक सेवालाई मध्यनजर गरी हामीले केही कामको थालनी गरेका छौँ ।

अब सवारी चालकले ‘ट्रायल पास’ गर्नासाथ नागरिक एपमा नै लाइसेन्स पाउनेछन् ।

सवारी नियम उल्लङ्घनको जरिवाना तिर्दा अब जहाँ नियम उल्लङ्घन भएको हो, सोही स्थानमा जरिवाना भुक्तानी गर्न सकिने सजिलो व्यवस्था सरकारले गरेको छ ।

कुनै पनि सरकारी सेवा लिन कार्यालय धाउनु नपर्ने, कर्मचारी भेट्नु नपर्ने र घरमै बसेर सबै सेवा लिन सक्ने व्यवस्था गर्दैछौँ । यसले सेवा प्रवाहमा हुँदै आएको झन्झट अन्त्य हुने र सुशासन प्रवद्र्धनमा सहयोग पुग्नेछ ।

सरकारी कार्यालयमा कामका फाइलहरू अड्काउने, कामको समयावधि लम्याउने र यसबाट सेवाग्राहीले दुःख पाउने स्थितिबाट मुक्त गर्न क्युआर कोडमार्फत फाइल ‘मुभमेन्ट ट्र्याकिङ’ गर्ने प्रणाली परीक्षणका रूपमा सुरुआत गरेका छौँ । अब तपाईंले सरकारी अफिसमा हुने तपाईंको आफ्नो कामको जानकारी मोबाइलबाटै पाउनु हुनेछ ।

लगानीकर्ताको भौतिक उपस्थितविना कुल पुँजी ५० करोड रुपैयाँसम्मको विदेशी लगानी स्वचालित प्रणालीबाट तुरुन्त स्वीकृतिको प्रमाणपत्र प्राप्त गर्न सक्नेगरी उद्योग विभागमा स्वचालित मार्ग कार्यान्वयनमा आएको छ ।

नेपाल ल्यान्ड इन्फरमेसन सिस्टम लागू भएका ५८ नापी कार्यालयमा अनलाइनमार्फत सेवा ‘ट्र्याकिङ’ प्रणाली लागू भएको छ ।

नेपालभरका २६७ वटा मालपोत कार्यालयमा ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त नागरिकले लाइनमा नबसी सेवा प्राप्त गर्नेगरी व्यवस्था गरिएको छ ।

वैदेशिक रोजगारीमा मृत्यु भएकाहरूको परिवारलाई यसअघि दिने गरिएको क्षतिपूर्ति रकम रु सात लाखबाट रु १० लाख पु¥याइएको छ । बिरामी उपचार खर्च पाएर मृत्यु भएकाहरूले क्षतिपूर्ति नपाउने यसअघिको व्यवस्थाको सट्टा उनीहरूको परिवारलाई पनि रु १० लाख उपलब्ध गराउने व्यवस्था गरिएको छ । विदेशमा रोजगारी अनुमतिपत्र नभएकाहरू र यस वर्षको सेप्टेम्बरभित्र विदेशमा रहेकाहरूले नेपाली नियोगमा आवदेन दिएमा उनीहरूलाई ‘वर्क परमिट’ उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

देशभित्र बनेका भौतिक पूर्वाधारको अधिकतम प्रयोग गर्ने र त्यसबाट लाभ लिने यो सरकारको घोषित नीति हो । त्यसैले राम्ररी सञ्चालनमा नआएका अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग बढाउन यस सरकारले ठोस कदम चालेको छ । भैरहवा र पोखरामा फ्लाइट आकर्षित गर्न भैरहवा र पोखराको लागि हवाई इन्धनको मूल्यमा प्रतिलिटर शून्य दशमलव ३७ डलर कम गरी अन्तर्राष्ट्रिय उडानको प्रबन्ध गर्न सफल भयौँ ।

अब आउँदो कात्तिक २४ गतेदेखि दुबईदेखि भैरहवासम्म र काठमाडौँ हुँदै भैरहवादेखि दुबईको उडान सुरु हुनेछ । फ्लाई दुबईले हप्ताको सातै दिन दुबई र भैरहवा एवम् काठमाडौँ हुँदै भैरहवा र दुबईबीच उडान भर्नेछ । जजिरा एयरवेजले हप्ताको तीन दिन भैरहवा र कुवेत एवम् कुवेत र भैरहवाबीच सिधा उडान भर्ने कार्यतालिका स्वीकृत भएको छ ।

क्रिकेट मैदान भएको तर आवश्यक पूर्वाधार नभएको गुनासोलाई सम्बोधन गर्न सरकार गठन भए लगत्तै हामीले तीन सय दिनभित्र कीर्तिपुरको क्रिकेट मैदानमा फ्लड लाइट जोड्ने, स्कोर बोर्ड राख्ने र राति पनि खेल्न मिल्नेगरी रङ्गशाला बनाउने निर्णय गरेका थियौँ । कीर्तिपुर क्रिकेट रङ्गशालामा फ्लड लाइट जडान र प्यारापिट निर्माण गर्न सहरी विकास मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बीच समझदारी भई काम सुरु भएको छ ।

नेपालले आफूलाई चाहिनेभन्दा बढी उत्पादन गरे पनि विद्युत् ऊर्जा बिक्री गर्नसक्ने सम्भावनामाथि निकै प्रश्न उठ्ने गरेको छ। तर, गत एकसय दिनको अवधिमा बङ्गलादेशमा ४० मेगाबाट विद्युत् निर्यातका लागि त्रिपक्षीय विद्युत् बिक्री सम्झौता भएको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

अग्रज पुस्तादेखि आजको पुस्तासम्मको लामो सङ्घर्षले संविधानसभामार्फत हाम्रो संविधान जन्मियो, जसले देशलाई नयाँ दिशामा अग्रसर ग¥यो । सरकारले संविधान दिवसलाई राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरे पनि विगतका वर्षहरूमा यो दिवस सरकारी औपचारिकतामा सीमित सरकारी कार्यक्रमजस्तो मात्र रहँदै आएको थियो ।

यस वर्ष भने, सरकारको प्रयासले पहिलोपटक नागरिकस्तरमा व्यापक जनसहभागितासहित संविधान दिवसलाई एक उत्सवमय र उल्लासपूर्ण रूपमा मनाइएको छ ।

समाजका हरेक तप्का, वर्ग, क्षेत्र, पेसा र व्यवसायबाट सहभागी भएको खुसी यहाँ म तपाईंहरूसँग बाँड्न चाहन्छु । यस वर्षको संविधान दिवसमा पहिलोपटक ‘नेसनल डे कन्सर्ट’ आयोजना गरियो, जहाँ विभिन्न विधाका कलाकार, नवयुवाहरू र सबै पेसाका प्रतिनिधिहरूले एकसाथ भेला भई संविधान दिवसमा खुसी साट्ने मौका पाए । यसरी, राष्ट्रिय दिवसलाई हामीले जनताको उत्सवका रूपमा परिणत गर्यौं ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

पछिल्ला एक सय दिनमा महत्वपूर्ण प्रगति हासिल भएका छन् । ‘फास्टट्र्याक’को मकवानपुरको धेद्रे सुरुङ ‘ब्रेक थ्रू’भएको छ । नागढुङ्गा मुख्य सुरुङको लाइनिङ पनि सफलतापूर्वक सम्पन्न भएको छ । रुपन्देहीको सिद्धबाबा सुरुङमा उल्लेखनीय प्रगति भएको छ, जहाँ ३९६.८५ मिटर सुरुङ खन्ने काम मात्र एक सय दिनभित्र पूरा भयो, र अहिलेसम्म ६४७ मिटर सुरुङ खनिएको छ ।

सडक निर्माण र मर्मतका क्षेत्रमा पनि ठूला उपलब्धिहरू हासिल भएका छन् । बितेको सय दिनमा चार हजार ३८ किलोमिटर सडक मर्मत गरिएको छ, र ३२.५ किलोमिटर सडक कालोपत्र गरिएको छ, जसले यातायातलाई थप सहज र सुरक्षित बनाएको छ ।

ऊर्जा उत्पादनको क्षेत्रमा, माथिल्लो त्रिशूली ३ ‘ए’ जलविद्युत् आयोजनामा दुईवटा टरबाइनसहित मेकानिकल पार्ट्सको मर्मत–सम्भार गरी ३० मेगावाट विद्युत् उत्पादन सुरु भएको छ। साथै, चिलिमे हब जिआईएस सबस्टेसन र त्रिशूली हब हाइब्रिड जिआइएस सबस्टेसन पनि सञ्चालनमा आएको छ, जसले देशको विद्युत् प्रणालीलाई थप सुदृढ बनाएको छ ।

विषय त सानै होला तर खास ठाउँका लागि महत्वपूर्ण छ । देशभरका ७५३ पालिकामध्ये, सैपाल गाउँपालिका एकमात्र यस्तो स्थानीय तह थियो, जहाँ वित्तीय संस्थाको पहुँच थिएन । प्राविधिक रूपमा असम्भव मानिएको उक्त गाउँपालिकामा, जब वाणिज्य बैङ्कको शाखा स्थापना भयो, करिब ५०० घरधुरीका तीन हजार जनाले यसबाट प्रत्यक्ष लाभ पाउने अवसर प्राप्त गरेका छन् ।

त्यस्तै, हुम्ला जिल्ला एकमात्र यस्तो जिल्ला थियो, जहाँ ‘फाइबर टू द होम’ (एफटिटिएच) सेवा अझै पुगेको थिएन । तर, गत भदौदेखि यो सेवा पनि सञ्चालनमा आएपछि, अब ७७ वटै जिल्लामा यस सुविधाको पहुँच पु¥याइएको छ, जसले दूरदराजका क्षेत्रहरूमा ‘डिजिटल कनेक्टिभिटी’को नयाँ युगको सुरुआत गरेको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

कानुन वा नीति÷निर्माणको प्रगतिले सर्वसाधरणलाई प्रत्यक्ष त केही असर नगर्ला तर तिनै नीतिहरू शासन र प्रशासनको आधारशिला हुन् । ती विना राज्य चल्नै सक्दैनन् । यस अवधिमा, विभिन्न मन्त्रालयसँग सम्बन्धित चार दर्जनभन्दा बढी ऐन, नियम, र कार्यविधिहरूमा सहमति प्रदान गरिएको छ ।

यस अवधिमा १७ वर्षअघि देखि थालनी भएको शान्तिप्रक्रियाका बाँकी कामलाई अन्तिम निष्कर्षमा पु¥याउन हामी सफल भएका छौँ । त्यस सिलसिलामा ‘सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१’ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिबाट स्वीकृत र प्रमाणीकरण भएको छ । आयोग गठनका लागि सिफारिस समिति बनेको छ र त्यसले आयोग गठनको प्रक्रिया अघि बढाएको छ । लामो समयदेखि द्वन्द्व खेपेको हाम्रो समाजका लागि यो सुखद सन्देश हो ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

यस सरकारमा तपाईंहरूले विश्वाससाथ चुनेका संसद्का प्रमुख दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) छन् । मैले सरकारको नेतृत्व गरेको छु । यी दुवै दल लोकतन्त्रका लागि लामो सङ्घर्ष र योगदान गरेका तथा लामो इतिहास भएका दल हुन् । यी प्रतिस्पर्धी दल हुन्, तर राजनीतिक स्थिरता, विकास, सुशासन दुवै दलका साझा प्रतिबद्धता छन् । यी प्रतिबद्धता पूरा गर्न बिग्रिएको स्थितिलाई सही ठाउँमा ल्याउनुपर्छ । अफवाह, झुठ, स्टन्ट र अराजकताले बिथोलेको सामाजिक जीवनलाई यथार्थमा आधारित, शान्त र सुसंस्कृत बनाउनुपर्छ ।

हामीले हाम्रो छिमेक सम्बन्धलाई न्यायोचित राष्ट्रिय हितमा अडिँदै पारस्परिक लाभ र सम्मानका आधारमा अघि बढाएका छौँ । हामी स्पष्टतः सुमधुर र उपलब्धिपूर्ण छिमेक सम्बन्ध, शान्तिपूर्ण, न्यायोचित र जिम्मेवार अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वास गर्छौं । विश्वका कतिपय भूभागमा भएका हिंसा र तनावबाट हामी चिन्तित छौँ, वार्ताको माध्यमबाट ती सबै तनावहरूको शान्तिपूर्ण समाधान चाहन्छौँ । सबैले संयमतापूर्वक शान्ति स्थापनामा लाग्न जरुरी ठान्छौँ ।

म यहाँ एउटा तथ्य उल्लेख गर्न चाहन्छु– सरकारले १०० दिन पूरा गरेपछि होइन, सरकार बनेकै दिनदेखि विरोध सुरु गरियो । यसको कारण थियो– देशमा साम्प्रदायिक विद्वेष खडा गर्ने, अराजनीतिक बोली र व्यवहारबाट हाम्रो सभ्यता र संस्कृतिमाथि हमला गर्ने, चलिरहेका उद्योगहरू बन्द गराउने, पुँजी पलायन गराउँदै देशको अर्थतन्त्र र वाणिज्य क्षेत्रलाई तहसनहस पार्ने र नयाँ उद्योग स्थापना हुन नदिने ।

अहिले साम्प्रदायिक विद्वेष, घृणा र परस्पर बेमेलको वातावरण पैदा गरेर हाम्रो राष्ट्रिय एकतालाई बिथोल्ने र प्रतिगमनतर्फ लैजाने प्रयास पनि भइरहेको छ । तर नेपाल र नेपालीलाई प्रतिगमन कुनै हालतमा स्वीकार्य छैन । सरकारले लोकतन्त्रलाई सुदृढ गर्न बनेको संविधानको रक्षा गर्ने छ । साम्प्रदायिक विद्वेष र घृणा होइन, सामाजिक न्याय र समानतामा आधारित सामाजिक सद्भावको बाटोबाट राष्ट्रिय एकता कायम गर्ने हाम्रो नीति दृढताका साथ कार्यान्वयन गर्ने छ । हाम्रा सुन्दर, शिष्ट र समृद्ध सामाजिक–सांस्कृतिक मूल्यहरूलाई कमजोर पार्ने प्रयत्नलाई असफल बनाउनेछ ।

सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्ने जस्ता अफवाह पनि फैलाउने गरिएको छ । यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ ।

हामीलाई काममा सफलता पाउन कर्मचारी प्रशासनको सहयोग चाहिन्छ । अझ सरकारका प्राथमिकतालाई नागरिकको जीवनमा विस्तार गर्न मुख्य जिम्मेवारी ‘ब्यूरोक्रेसी’ले निर्वाह गर्नुपर्छ । कामका दौरानमा मलाई कतिपयले सुनाउनुहुन्छ– बारम्बार सरकार फेरबदलका घटनाहरूले ब्यूरोक्रेसी नै अल्मलिएको छ, कर्मचारीले काम होइन स्थायित्वप्रति आशङ्का गर्छन् ।

त्यसरी सुनाइएका कुराहरूलाई मैले खण्डन गर्ने गरेको छु– कर्मचारीले नै काम गर्ने हो । ब्यूरोक्रेसीको नेतृत्व गरेका मुख्य सचिव र सचिवज्यूहरू यहीँ हुनुहुन्छ ।

उहाँहरू पनि मेरो भनाइसँग पक्कै सहमत हुनुहुन्छ– राजनीतिक नेतृत्वले नीति र प्राथमिकता अघि सार्छ, कर्मचारी प्रशासनले त्यसलाई कार्यान्वयन गर्छ ।

सीमित स्रोतसाधन, विरासतमा प्राप्त भएको बिग्रँदो आर्थिक अवस्था र अचानक आइपरेको प्राकृतिक विपद्का बाबजुद सरकारले नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनलाई शीघ्र, प्रभावकारी, नतिजामुखी र नागरिकमैत्री बनाउँदै कार्यान्वयन गरिरहेको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

हामीलाई राम्ररी थाहा छ—यो सरकारप्रति तपाईंहरूको अपेक्षा उच्च छ । तपाईंको अपेक्षालाई पूरा गर्नु सरकारको दायित्व हो । तर यहाँनेर हाम्रो काम र अपेक्षाबीच सन्तुलन चाहिएको छ । हाम्रो सङ्कल्प असीमित भए पनि हामीसँग भएको स्रोतसाधन सीमित छ ।

नागरिकको अपेक्षा मात्रै बढाए पुग्ने तर कामको जिम्मेवारी लिनु नपर्ने पक्षले समाजमा असन्तुष्टिको माहौल खडा गर्न खोजेको छ । मिलेर सामना गर्नुपर्ने राष्ट्रिय सङ्कटबाट पनि राजनीतिक लाभ खोजिरहेको छ । तपाईंहरूले यस कुरामा विचार पु¥याउनुपर्ने र हामीले आफ्नो कामको रफ्तार बढाउनुपर्ने छ ।

सय दिन सकियो, अर्को सय दिन र बाँकी अवधिमा गर्ने कामका योजनाहरू आजबाट सुरु हुन्छन् । बितेका एक सय दिनमा हामीले विपत्तिका बीच पनि गरेका केही नवीन थालनी स्थिरता, सुशासन र विकासको लक्ष्यतर्फका पाइला हुन् ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

आउनूस्, हाम्रो साझा लक्ष्य समृद्ध नेपाल सुखी नेपालीतर्फ हाम्रो पाइला अघि बढाऔँ ।

●●●

# निर्धारित समयमा काम सक्ने...

पशुचौपाया एवम् सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युत्लगायत भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो ।

विपत्तिबाट प्रभावित नागरिकको परिवारलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर सरकारले काम अघि बढायो । पीडित परिवारको राहत, घाइतेको उद्धार र निःशुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनःस्थापनमा सरकारलाई केन्द्रित ग¥यो । बाढीपहिरोका कारण मृत्यु भएका तीन सय ९१ जनाको परिवारले दुई लाख रुपैयाँका दरले राहत पाए । बाढीपहिरोबाट प्रभावित दुई हजार पाँच सय ५५ परिवारलाई चार करोड ५० लाख रुपैयाँ तत्काल राहत प्रदान गरिएको छ । सङ्कटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

सरकारले बाढीपहिरोले क्षति पु¥याएका भौतिक संरचनाको निर्माणका कार्ययोजनासहित काम गरिरहेको छ । सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका जिल्लाको खानेपानी, विद्युत्, सडक, सञ्चारलगायतका अत्यावश्यक सेवा १५ दिनभित्र सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम उपलब्ध गराइसकेको छ ।

‘ठाउँ–ठाउँमा बाटाहरू भत्किएका थिए, सडकहरू पहिरोले पुरिएका थिए, र पुलहरू बाढीले बगाएका थिए । राजधानी आउने–जाने सबै बाटा बन्द थिए । प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो । पहिले त मानिसहरू डराएका थिए–सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने डर थियो,’ प्रधानमन्त्री ओलीले भने, ‘तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिलाई कुशलतापूर्वक सम्हाल्यो । परिणामस्वरूप, राजधानी आउने बाटाहरू चालु अवस्थामा पु¥याए, अब बन्दै बन्दैन भनिएको राजमार्ग हुँदै सवारी साधन चल्न सुरु गरे । यस वर्षको दशैँमा पनि काठमाडौँ छोडेर घर फर्कनेको संख्या अघिल्लो वर्षजस्तै करिब आठ लाख १४ हजार दुई सय ४६ पुग्यो । दशैँमा एक लाख ११ हजार एक सय ५४ सवारी साधन काठमाडौं उपत्यकाबाट बाहिरिए ।’

प्रधानमन्त्री ओलीले एक वर्षअघि जाजरकोट, पश्चिम रुकुम, बझाङ, बाजुरा र डोटीमा भूकम्पले अस्थायी बासको लागि दिइने २५ हजार राहतमै पुनःनिर्माण कार्य अल्झिएकामा नयाँ सरकारले कामलाई गति दिएको छ । विपद्का समस्यालाई समेत सम्बोधन गर्ने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकबाट क्षतिको विस्तृत आकलन पूरा गर्दै, ती ठाउँमा स्थायी निजी आवास पुनःनिर्माणको काम अघि बढाउन सरकारले आवश्यक बजेट १५ दिनभित्र उपलब्ध गराउने निर्णय गरिसकेको छ ।

अब, एक वर्षअघिको भूकम्पले क्षतिग्रस्त भएका घरहरू र यस वर्षको बाढी र पहिरोले पीडित नागरिकको आवास पुनःनिर्माण सँगसँगै अघि बढ्ने प्रधानमन्त्री ओलीको उद्घोष थियो । उपप्रधानमन्त्री, मन्त्रीहरु, नेपाल सरकारका मुख्यसचिवसहित उच्चपदस्थ अधिकारी सहभागी सम्बोधन कार्यक्रममा प्रधानमन्त्री ओलीले लामो समयदेखि ३५ जिल्लाका ३० लाखभन्दा बढी किसानहरू दूधको भुक्तानीका लागि सरकारले ६० करोड रुपैयाँ निकासा गरेको अवगत गराए ।

त्यसैगरी, करिब ७५ हजार उखु किसानहरूले आफ्नो अनुदानबापतको भुक्तानी पाइसकेका छन् । कृषिबाली तथा पशुधन बीमामा समावेश भएका हजारौँ कृषकले पनि अब राहतको श्वास फेरेका छन् । बितेका एक सय दिनमा, तिनीहरूको बीमाबापतको भुक्तानी गर्न ८० करोड बीमा प्राधिकरणको खातामा पठाइएको छ । हिउँदे बालीका लागि चाहिने रासायनिक मलको बन्दोबस्त गरिसकिएको छ । निर्माण सम्पन्न गरेर भुक्तानी पाउन नसकेका निर्माण व्यवसायीहरूलाई सङ्घीय मन्त्रालयहरूबाट छ अर्ब ७५ करोड रुपैयाँ यस अवधिमा भुक्तानी दिइसकिएको छ । सुरुआती दिनदेखि नै सरकारले उद्यमशीलताको प्रवद्र्धन गरिरहेको छ । ‘काम गर्ने युवालाई देशमा केही अवसर छैन, विदेश नै भासिनुपर्छ भन्ने समाजमा जबर्जस्त भाष्य छ । उद्योग मन्त्रालयले एक सय ६५ जना युवालाई खुला आवेदनको माध्यमबाट बिना धितो २५ लाख रुपैयाँसम्मको स्टार्टअप कर्जा प्रवाह गरेका थियो । ती युवाले आफ्नो व्यवसाय सञ्चालन गरेर कर्जाको सावाब्याजको किस्ता भुक्तानीसमेत शुरु गरेका छन्,’ प्रधानमन्त्रीको सम्बोधनमा भनिएको छ ।

यसवर्ष पाँच हजार एक सय ५८ जना उद्यमीले स्टार्टअप कर्जाका लागि प्रस्ताव पेस गरेका छन् । प्राप्त प्रस्तावमध्येबाट स्टार्टअप उद्यमी छनोट गरी पुस मसान्तभित्र कर्जा प्रवाह गर्ने तयारी गरिएको छ । ‘कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीउपर कानुनी कारबाही अघि बढाउँछौँ । जोसुकै भए पनि सहकारी ठगलाई कानुनी कारबाही गर्ने छौँ,’ भनी संसद्मा गरिएको प्रतिबद्धताबमोजिम काम शुरु भएको पनि प्रधानमन्त्री ओलीले देशवासीलाई अवगत गराए ।



**अस्पताललाई स्वास्थ्य सामग्री:** महोत्तरीको बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हाद क्षेत्री बर्दिबास अस्पताललाई १४ लाख रुपैयाँ मूल्यको विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# वीरगंजबाट पेट्रोलियम पदार्थको आयात घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको निर्माण क्षेत्रको गतिविधि सुस्ताउँदा वीरगञ्ज भन्सार नाका हुँदै हुने पेट्रोलियम पदार्थको आयातमा पनि उच्च गिरावट आएको छ । यहाँबाट डिजेल तथा पेट्रोलको आयात २५ प्रतिशतले घटेको वीरगंज भन्सार कार्यालयले जनाएको छ । मुलुकभर रहेका नाकामध्ये सबैभन्दा धेरै डिजेल तथा पेट्रोल भित्रिने नाकाको रुपमा वीरगंज चिनिन्छ ।

यहाँबाट चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा १२ अर्ब ६६ लाख ८० हजार रुपैयाँ बराबरको एक लाख ३५ हजार पाँच सय १८ किलोलिटर हाइस्पिड डिजेल आयात भएको छ । भन्सार कार्यालयका प्रमुख प्रशासक दीपक लामिछानेका अनुसार गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा हाइस्पिड डिजेलको आयात २५ दशमलव ३३ प्रतिशतले घटेको छ । डिजेल आयात घटेसँगै राजस्व सङ्कलन पनि २७ दशमलव ४३ प्रतिशतले घटेको छ ।



मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत हाइस्पिड डिजेल पाइप लाइनबाट आयात हुने गरेको छभने पेट्रोल ट्याङकरबाट नै ल्याउने गरिन्छ । अमलेखगञ्जस्थित नेपाल आयल निगम प्रादेशिक कार्यालयका प्रमुख प्रलयङ्कर आचार्यका अनुसार पूर्वाधार तथा विकास निर्माणका गतिविधि कम हुँदा पेट्रोलियम पदार्थको खपत घटेको हो । पूर्वाधार तथा विकास निर्माणका गतिविधि बढ्ने बित्तिकै आयात बढ्ने उनको बुझाइ छ ।

विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको आकर्षण बढेसँगै पेट्रोलियम पदार्थको खपत पनि घटेको छ । नेपाल निर्माण व्यवसायी महासङ्घका महासचिव रोशन दाहालले वर्षायाम र सरकारी निकायले निर्माण सम्पन्न भएका आयोजनाको भुक्तानी नदिँदा निर्माणक्षेत्रले अपेक्षाकृत गति लिन नसकेको गुनासो गरे । हाल निर्माणजन्य सामग्री र उपकरणको आयात घटेको छ ।

मनसुन र चाडपर्व सकिएपछि विकास निर्माणका गतिविधि चलायमान हुने उनको विश्वास छ । चालु आवको तीन महिनामा पेट्रोल आयात पनि घटेको छ । चालु आवको असोज मसान्तसम्ममा ६ अर्ब ५८ करोड ४६ लाख ८३ हजार रुपैयाँ बराबरको ७४ हजार सात सय १२ किलोलिटर पेट्रोल आयात भएको छ । अघिल्लो आवको सोही अवधिमा पेट्रोलको आयात २२ दशमलव ५२ प्रतिशतले घटेको थियो ।

# तीन महिनामा १२ करोड रुपैयाँ बढीको राजस्व सङ्कलन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारअन्तर्गत रहेको यातायात व्यवस्था कार्यालय धनुषा जनकपुरधामले चालु आर्थिक वर्षको तीन महिनामा १२ करोड ६३ लाख ७४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयका प्रमुख धनञ्जयकुमार सिंहले चालु आवको साउनमा चार करोड ५५ लाख ६७ हजार आठ सय रुपैयाँ, भदौमा तीन करोड ९५ लाख दुई हजार नौ सय ९३ रुपैयाँ र असोजमा चार करोड १५ लाख ६५ हजार आठ सय ४६ रुपैयाँ राजस्व सङ्कलन भएको जानकारी दिए । कार्यालयले सवारी दर्ता, सवारीचालक अनुमतिपत्र नवीकरण र प्रतिलिपि, सवारी कर, 'रुटपरमिट', पटके, आयकर तथा सडक सम्भारबापत सो राजस्व सङ्कलन गरेको उनले बताए ।

कार्यालयमा रहेको विवरण अनुसार गत असोज २१ गतेसम्ममा साना सवारीसाधन दर्ता एक हजार दुई सय १७, ठूला सवारीसाधनअन्तर्गत जीप तथा कार २२, ट्र्याक्टर २९, बस २१, मिनीट्रक सात, इ–रिक्सा तथा टेम्पो भाडाका एक सय ६०, व्यक्तिगत इ–रिक्सा एक सय ७३, एम्बुलेन्स एक र तथा डोजर पाँचवटा दर्ता भएका प्रमुख सिंहले जानकारी दिए ।

एक महिना अघि सरुवा भएर यहाँ आएका प्रमुख सिंहले सेवाग्राहीलाई छिटोछरितो कार्यसम्पादन गर्न कार्यालयको शाखामा आन्तरिक सुधारका प्रयास गरिएको बताए । कार्यालयले चालक अनुमतिपत्र लगायत विभिन्न शीर्षकबाट गत आर्थिक वर्ष २०८०÷८१ मा ६३ करोड १५ लाख ३२ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । मधेश प्रदेश सरकारअन्तर्गत मधेशका आठ जिल्लामा यातायात व्यवस्था कार्यालय सञ्चालनमा छ । प्रदेशमा सङ्घीयता लागु हुनुअघि तीनवटा जिल्लामा मात्र यातायात व्यवस्था कार्यालय थियो । रासस

# बिल बिजक भन्दा बढी सामान बोकेको ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले बिल बिजक भन्दा बढीको सामान लोड रहेको आशंकामा एउटा ट्रक नियन्त्रणमा लिएको छ । वशेष सूचनाको आधारमा गएराति साढे १० बजेको समयमा वीरगंज महानगरपालिका वडा नं. ८ स्थित घण्टाघर चोकबाट बिल बिजक भन्दा बढी सामान लोड गरेको आशंकामा ना.३ ख ५१८७ नम्बरको मालबाहक ट्रक नियन्त्रणमा लिएको हो । ट्रकमा लोड रहेको विल विजक भन्दा बढीका लत्ताकपडा तथा औषधिहरु लोड गरी वीरगंजबाट कास्कीतर्फ लैजाँदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले उक्त मालवाहक ट्रक नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिईएको मालबाहक ट्रकमा रहेको अन्दाजी १ करोड १४ लाख ५१ हजार ८ सय ३३ बराबरका लत्ताकपडा तथा औषधिहरु थप अनुसन्धान तथा कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक दिपक भारतीले जानकारी दिए ।

# करेन्ट लागेर महिलाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको गढीमाई नगरपालिका ७ धनहारी गाउँमा एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ । धनहारीस्थित महाबिरी झन्डा मेलामा कस्मेटिक पसल गरी बसेका माधवनारायण नगरपालिका ९ का विजय सहनीका श्रीमती २४ वर्षीय रिङ्कु देवी सहनीको करेन्ट लागेर मृत्यु भएको हो । करेन्ट लागेर उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले बताए । खेतमा राखेको आफनै ठेला ल्याउने क्रममा मेलामा जडान गरी ल्याएको विद्युतीय तारबाट करेन्ट लागी उनी घाइते भएकी थिइन् ।

उनलाई उपचारका लागि गरुडास्थित बेटर नेपाल मल्टी स्पेस्लिटी अस्पतालमा ल्याएलगत्तै बुधवार चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

# 'एक युवा, पाँच बिरुवा' अभियान सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुर गाँउपालिकामा नेकपा एमालेको भातृ संगठन युवा संघ नेपालले 'एक युवा, पाँच बिरुवा' भन्ने नाराका वृक्षारोपण अभियान सुरु गरेको छ ।

तीनदिन सम्म चल्ने अभियानको पहिलोदिन बुधबार युवा संघ नेपाल परवानीपुर गाँउपालिका कमिटीले परवानीपुर गाँउपालिका वडा नम्बर २ मुसहरीका दुई स्थानमा वृक्षारोपण गरेको छ ।

बुधबार मुसहरीस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको परिसरमा र मुसहरीदेखि परवानीपुर बजार पुग्ने सडकको छेउमा वृक्षारोपण गरिएको युवा संघ नेपालका केन्द्रिय सचिव ईन्जिनियर मोविन आलमले जानकारी दिए । दुवै स्थानमा गरी आँप, साल, निम, टिक लगायतका प्रजातिका २ सय ५० वटा विरुवा रोपिएको उनले बताए ।

ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

जनकपुर अञ्चलकै सबैभन्दा पुरानो एवं व्यवस्थित तथा शिक्षण/सिकाईमा उत्कृष्ट यस ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि. जनकपुरधाम-४, मा शैक्षिक सत्र २०८१/०८२ का लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा प्रविणता प्रमाण-वपत्र तह H.A. ३ वर्षे कोर्षमा भर्ना खुलेकोले SLC/SEE उत्तीर्ण विद्यार्थीहरुले प्रवेश परिक्षा आवेदन फारम भर्नुहोस् ।
तपशिल
१. फारम भर्ने अन्तिम मिति : २०८१/०७/०८ गते दिउँसो २ बजेसम्म
२. प्रवेश परिक्षा : २०८१/०७/१० गते शनिबार विहान ८ बजे
सम्पर्क:
ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
जनकपुरधाम-४, सरहन्चीयाकुटीदेखि दक्षिण तर्फ, कर्मचारी संचयकोष कार्यालयबाट ५० मिटर दक्षिण तर्फ
सम्पर्क फोन नं.-०४१-४२२६७९, ९८४६०७३३०, ९८०७६७८७३७, ९८४४०५३९५५

राजविराज शहर, समृद्ध-हरित नगर"
राजविराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

आ.व. २०८१।०८२ का लागि बिभिन्न ठेक्कामा सिलबन्दी बोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१।०७।०८

यस नगरपालिका भित्रको देहाय बमोजिम कार्यको आय ठेक्का लगाउनु पर्ने भएको हुँदा बोलपत्र/खुला डाक बढाबढ दिन/गर्न चाहने व्यक्ति/फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मिती २०८१।०७।०८ देखी २०८१।०८।१२ गते सम्म बोलपत्र खरिद गरी मिति २०८१।०८।१३ गते दिनको १२:०० बजे सम्म शिलबन्दी बोलपत्र प्रस्ताव गर्न यो सूचना प्रकाशित गएिको छ । अन्य शर्त तथा जानकारी यस कार्यालयको सूचना पाटी र website : www.rajbirajmun.gov.np तथा यस कार्यालयको राजश्व शाखाबाट उपलब्ध हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी सहित सूचित गरिन्छ ।

| क.सं. | ठेक्काको नाम | न्युनतम कबोल अंक | कैफियत |
|---|---|---|---|
| १ | कल्टुदास पोखरी वडा नं. ३ (वर्ष ३ का लागी) | १,६५,०००।०० | शिलबन्दी बोलपत्र |
| २ | राजदेवी पोखरी साविक वडा नं. २ (वर्ष ३ का लागी) | १,००,०००।०० | शिलबन्दी बोलपत्र |
| ३ | जगदरी पोखरी वडा नं. ९ (वर्ष ३ का लागी) | १,७५,०००।०० | शिलबन्दी बोलपत्र |
| ४ | मलेठ वडा कार्यालय पछाडी मैनजन पोखरी वडा नं ९ (वर्ष ३ का लागी) | १,२५,०००।०० | शिलबन्दी बोलपत्र |
| ५ | विषहरिया को ओझा पोखरी वडा नं. ९ (वर्ष ३ का लागी) | १,२५,०००।०० | शिलबन्दी बोलपत्र |
| ६ | पश्चिम जोलहरी रामचरण पोखरी वडा नं. ९ (वर्ष ३ का लागी) | १,००,०००।०० | शिलबन्दी बोलपत्र |
| ७ | मलेठ १ को डबरा पोखरी वडा नं. (वर्ष ३ का लागी) | ५०,०००।०० | शिलबन्दी बोलपत्र |
| ८ | खेली पोखरी बोरिया वडा नं. १६ (वर्ष ३ का लागी) | १,५०,०००।०० | शिलबन्दी बोलपत्र |
| ९ | थनही पोखरी बोरिया वडा नं. १६ (वर्ष ३ का लागी) | ४,००,०००।०० | शिलबन्दी बोलपत्र |
| १० | धारी पोखरी गोठम वडा नं. १६ (वर्ष ३ का लागी) | २,००,०००।०० | शिलबन्दी बोलपत्र |
| ११ | गढी पोखरी गोठम वडा नं. १६ (वर्ष ३ का लागी) | १,००,०००।०० | शिलबन्दी बोलपत्र |
| १२ | कुपही पोखरी रंजितपुर वडा नं. १६ (वर्ष ३ का लागी) | १,००,०००।०० | शिलबन्दी बोलपत्र |
| १३ | न.पा. कार्यालय दक्षिण तर्फ रहेको शुलभ शौचालय (वर्ष १ का लागी) | ३६,०००।०० | खुला डाक बढाबढ |
| १४ | पुरानो माछा हाटमा रहेको शुलभ शौचालय (वर्ष १ का लागी) | ३,६३,०००।०० | खुला डाक बढाबढ |
| १५ | साकेत पार्क पश्चिम तर्फ रहेको शुलभ शौचालय (वर्ष १ का लागी) | २५,०००।०० | खुला डाक बढाबढ |
| १६ | भगवती पोखरी अगाडी रहेको शुलभ शौचालय (वर्ष १ का लागी) | २५,०००।०० | खुला डाक बढाबढ |

राजविराज नगरपालिका
नगर कार्यपालिको कार्यालय
राजविराज,सप्तरी

सम्पादकीय

# सरकारका सय दिन र दल विभाजन अध्यादेश

*प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकाल कात्तिक ६ गते एकसय दिन पुगेको छ । यो साताभरि नै केपी शर्मा ओलीबाहेकका मन्त्रीहरुले दिनपिच्छे आफ्नो एकसय दिनको उपलब्धी सार्वजनिक गरेर सरकारले राम्रो काम गरेको बताइरहेका छन् । कात्तिक ७ गते त प्रधानमन्त्रीको पनि कार्यकालबारे टिप्पणी आएको छ । मन्त्रीहरुले राम्रै काम गरेँ भने पनि जनतामा सरकारप्रति विश्वास र चासो स्वात्तै घटेको पाइएको छ । संविधान संशोधन, उपराष्ट्रपतिलाई अधिकारसम्पन्न राष्ट्रिय सभा अध्यक्ष र प्रदेश सरकारबारे पुनरावलोकनसहित सातबुँदे सहमति गरेर एक सय दिन पुगेको सरकारले के सहमतिअनुसार काम गरेको छ त ? छ भने किन सरकार लोकिप्रियताको ग्राफमा तलतिर पुगेको छ ? सहमतिमै नभएको र संसद नभएका बेला अध्यादेश ल्याएर किन सरकार साना दलहरु फुटाउने कुरामा लागिरहेको छ ? ठूलाहरुले चलाएको सरकार पनि किन लुलो देखिन्छ ?*

*अरुको पार्टी फुटाएर आफ्नो पार्टी ठूलो र शक्तिशाली देखाउन कोही कम छैनन् । आफ्नो सुरक्षाका लागि केपी शर्मा ओलीले २०७७ सालमा दल विभाजनसम्बन्धी अध्यादेश ल्याउनु भएको थियो । त्यहाँ खुकुलो पारिएको थियो, सांसद या केन्द्रीय समितिको ४० प्रतिशतको समर्थनमा पार्टी फुटाउन मिल्छ, तर पछि अध्यादेश फिर्ता भयो । २०७८ भदौ १ गते त्यही बाटोमा हिँड्नु भयो प्रधानमन्त्री शेरबहादुर देउवा र अध्यादेश अरु खुकुलो पारेर केपी ओलीकै पार्टी फुटाइदिनु भयो । जनता समाजवादी पार्टी नेपाल पनि विभाजन भयो र लोकतान्त्रिक समाजवादी पार्टी बन्यो । यतिखेर प्रधानमन्त्री ओली फेरि अध्यादेश ल्याएर साना पार्टी फुटाउन किन खोज्दै हुनुहुन्छ ? उसो त पुष्पकमल दाहालले पनि उपेन्द्र यादवको पार्टी जनता समाजवादी पार्टी नेपाल विभाजन गराएर जसपा बनाएपछि आफ्नो सत्ता लम्बिन्छ र सुरक्षित रहन्छ भन्ने भ्रम पाल्नु भएको थियो । यतिमात्र होइन, नेकपा एमालेको रुचिमा राष्ट्रिय पार्टी नभएको नेकपा एकीकृत समाजवाद्यी पार्टी पनि फुटाउन खोजिएको थियो । नेपाली कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पार्टी फुटाएर माधवकुमार नेपालको पार्टी बनाइदिनु भयो । यतिखेर प्रधानमन्त्री ओली शेरबहादुर देउवाकै साथ लिएर फेरि माधवकुमार नेपालको पार्टी र अरु साना पार्टी फुटाउन अध्यादेश ल्याउन खोज्दै हुनुहुन्छ ? किन प्रधानमन्त्रीलाई अरुको पार्टी फुटाउने रहर जागेको हो ? के छ साना पार्टीहरुको राजनीतिक भविष्य र देशको ठूलो पार्टी साना पार्टीबाट लाभ लिन खोजिरहेको छ ? नेपाली कांग्रेस अध्यादेशको विपक्षमा देखिन्छ । माधवकुमार नेपालको साथले नै दुईपटक विघटन भएको संसद ब्युँतियो र कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभयो । देशलाई मध्यावधिमा लैजाने, संसद विघटन गर्ने स्वभावका प्रधानमन्त्री केपी शर्मा ओली विनानिर्वाचन नेकपा एमालेलाई देशको ठूलो पार्टी बनाउन चाहनुहुन्छ भन्ने राजनीतिक सन्देश तरंगित भएपछि रवि लामिछाने समात्दा एकदम खुशी भएको नेपाली कांग्रेस यतिखेर अध्यादेशमा एमालेलाई साथ दिन हच्किरहेको छ । पहिला अध्यादेशको खाल्डो खनेको एमाले त्यसमै पर्यो । अहिले कांग्रेस त्यही खाल्डोमा पर्ने डरले भयभित छ । अर्कातिर एक वर्ष ९ महिनापछि सरकारको नेतृत्व पाउने भनेर कुरिरहेको कांग्रेस अध्यादेशपछि एमाले ठूलो पार्टी भएर धारा ७६ को उपदफा ३ अनुसार प्रधानमन्त्री नपाउने विषयबारे पनि जानकार छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अनेक राजनीतिक रंगबारे जानकार कांग्रेसमा अध्यादेशबारे एकमत छैन । यसले प्रधानमन्त्री अप्ठेरोमा पर्नु भएको छ । कांग्रेसले प्रधानमन्त्री दियो, प्रधानमन्त्रीले रवि लामिछाने समातेर कांग्रेसलाई खुशी पार्नुभयो । एकहिसाबले हिसाब बराबर भएको छ । अब कांग्रेसले अध्यादेशमा एमालेलाई साथ दिएन भने देशको राजनीति बदलिन सक्छ, तपाईं हामी र आमनेपालीको नियती उही छः 'कागलाई बेला पाक्यो, हर्ष न विस्मात, जुनै जोगी आए पनि कानै चिरेका ।'*

# स्वास्थ्य सेवामा सुधारको सन्देश



डा. बच्चुकैलाश कैनी

स्वास्थ्य सेवा हरेक नागरिकको व्यक्तिगत,सामाजिक, आर्थिक र समग्र विकाससँग जोडिएको हुनाले आम जनताका लागि प्रत्यक्ष चासोको विषय हो। नागरिकका लागि स्वास्थ्य सेवा प्रदान गर्न बन्ने नीति, नियम, योजना र कार्यक्रमका बारेमा धेरै नै टिप्पणी पनि हुन्छ । सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रिया र टीकाटिप्पणीले पाठ सिकाउँछ र सुधार कार्यक्रमलाई सही रुपमा कार्यान्वयन गर्न मद्दत गर्छ।

देशका हरेक कुनामा रहेका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र सुपथ रुपमा प्रदान गर्नु हरेक सरकारको दायित्व हो । समग्र स्वास्थ्य सेवाको लागि अल्पकालीन र दीर्घकालीन रणनीति, योजना र कार्यक्रम बनाउने, आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने, सरकारी, निजी र गैरसरकारी सेवा प्रदायकहरुको नियमन र अनुगमन गर्ने र सबैको लागि सबै प्रकारका स्तरीय स्वास्थ्य सेवा देशभित्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पनि सरकारको मुख्य कामअन्तर्गत पर्छ । यसका साथै जनस्वास्थ्य प्रवद्र्धन र रोग रोकथाम गर्ने दायित्व पनि सरकारको हो।

जब नयाँ सरकार बन्छ र नयाँ स्वास्थ्यमन्त्रीको पदबहाली हुन्छ, तब स्वास्थ्य सेवामा गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले गर्ने सुधारको निकै लामो सूची सार्वजनिक हुन्छ। यस्ता सूचीहरु हतारमा तयार हुने र सम्बन्धित सबै पक्षसँग आवश्यक एवं पर्याप्त परामर्श र छलफल नहुने हुनाले स्वास्थ्य सेवा सुधारको लागि गर्नुपर्ने सबै कामको लागि कार्यदिशा, कार्ययोजना, स्रोत र साधनको व्यवस्था, आवश्यक रकमको विनियोजन, विभाग र विभागीय प्रमुखहरुको कार्यविभाजन आदि काम गर्दा निकै नै कमीकमजोरीहरु रहेको आभास हुन्छ । स्वास्थ्य सेवा सुधारका योजनाहरु अपूरो, अधुरो र कमजोर हुन्छन्। जब सुधार कार्यक्रमको सुरुआत नै अधुरो र कमजोर हुन्छ, त्यसको कार्यान्वयन र अन्तिम परिणाम पनि स्वाभाविक रुपमा अपूरो र कमजोर नै हुन्छ।

हरेक सुधारको पहिलो र महत्वपूर्ण सर्त सेवाप्रदायक निकाय, पेसाकर्मी र हरेक सरोकारवाला निकाय र व्यक्तिहरुलाई सुधारको कार्ययोजनामा सहभागी गराउनु हो । स्वाभाविक छ, स्वास्थ्य सेवा स्वास्थ्यकर्मीहरुले प्रदान गर्छन् । उनीहरुको संलग्नता, उत्साहपूर्ण सहभागिता र सहयोगबिना कुनै पनि कार्यक्रम सफल हुँदैन र सुधार कार्यक्रमले अपेक्षित उद्देश्य पूरा हुन सक्दैन। त्यसैले, कुनै दीर्घकालीन कार्यक्रम तय गर्नुपूर्व सम्बन्धित पक्ष, निकाय, व्यक्ति र सेवा प्रदान गर्ने पेसाकर्मीहरूसँग परामर्श गर्नु जरुरी हुन्छ। यसका लागि समय लाग्न सक्छ तर परामर्शका लागि लाग्ने समयले राम्रो र उचित प्रतिफल दिन्छ।

केही आशा र महत्वाकाङ्क्षा बोकेर देशको स्वास्थ्य क्षेत्रको नेतृत्व सम्हाल्नुभएका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले हालसालै सार्वजनिक गर्नुभएको आफ्नो एक सय दिनमा भएका मुख्य कामको सूची हेर्दा सङ्घीय तहमा धेरै नै सुधारका कामहरुले सुरुआत गरेको देखिन्छ । सुरुआतमै घोषणा गरेको बीमा पाँच लाख पुर्‍याउन सकिने विषय कार्यान्वयनमा जाने हो भने देशको स्वास्थ्यमा आम नागरिकको पहुँच वृद्धिका लागि महत्वपूर्ण प्रभाव पार्नेछ। उहाँले घोषणा मात्र नगरी स्रोत बढाउन सकिने व्यावहारिक मार्ग पनि देखाउनुभएको छ। प्रधानमन्त्रीले समेत चासो राखेको यो विषयमा मन्त्रीको निर्णयसँगै प्रधानमन्त्रीको समेत इच्छाशक्ति र समर्थन रहने हो भने देशको स्वास्थ्य सेवामा निकै महत्वपूर्ण दूरगामी निर्णय यो बन्नेछ ।देशमा जटिल समस्याका रुपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्य मात्र होइन, सङ्घीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आम नागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुआत मान्न सकिन्छ। यही समयमा सहिद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रले मुटु उपचार सेवा सातै प्रदेशमा विस्तार गर्नेगरी गरेको निर्णयले अर्को दूरगामी प्रभाव पार्नेछ। केही सहरमा मात्र सीमित विशेषज्ञ उपचार प्रदेशका केन्द्रमा रहेका सरकारी अस्पतालमा पुर्‍याउन सक्ने हो भने त्यसले देशको स्वास्थ्य क्षेत्रको रुपान्तरण र आम नागरिकको पहुँचका लागि महत्वपूर्ण कोसेढुङ्गाको काम गर्नेछ ।देशमा विपन्न भएकै कारण जलनमा परेर ज्यान गुमाउने र अङ्गभङ्ग हुने समस्या बढिरहेका बेला मन्त्री पौडेलले गरेको निःशुल्क उपचारको निर्णय पनि आम स्वास्थ्यमा पहुँच हुन नसक्नेका लागि महत्वपूर्ण निर्णय मान्न सकिन्छ। प्राविधिक क्षेत्रका नभए पनि दृढ इच्छाशक्ति र केही गर्छु भन्नेले थोरै समयमै पनि केही आशा देखाउन सक्छ भन्ने उदाहरण एक सय दिनभित्र मन्त्री पौडेलले सार्वजनिक गर्नुभएको निर्णयले प्रमाणित गरेको छ।

देशमा चिकित्सकीय क्षेत्रमा एमबिबबएस माथिका चिकित्सकका लागि अध्ययन गराउन सक्ने कोटा जम्मा वार्षिक एक सय १३ छ । यसले बढ्दो स्वास्थ्य आवश्यकता पूरा गर्न सक्दैन । यस्तोमा चिकित्सक गोविन्द केसीसमेतले लामो समयदेखि उठाउँदै आएको विशेषज्ञ चिकित्सकको सङ्ख्या बढाउने माग सम्बोधन गर्नेगरी मन्त्री पौडेलले न्याम्समार्फत गर्नुभएको चार सय चिकित्सक अध्ययन गराउन सक्नेगरी शिक्षक दरबन्दी स्वीकृत गर्ने निर्णय देशमा अभाव भएको दक्ष चिकित्सकीय जनशक्ति स्वदेशमै न्यून शुल्कमा अध्यापन गर्न निकै महत्वपूर्ण हुनसक्ने अपेक्षा स्वास्थ्य क्षेत्रका विज्ञहरुले गरेका छन्।

चिकित्सा शिक्षा महङ्गो भएको अवस्थामा उपत्यका बाहिर सरकारी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत ५०÷५० चिकित्सक अध्यापन सुरु गर्नुले चिकित्सक केसीले लामो समयदेखि उठाउँदै आएको अर्को प्रमुख माग सम्बोधन मात्र गरेको छैन, आर्थिक अभाव हुनेलाई स्वदेशमै चिकित्सा अध्ययनका लागि निकै ठूलो अवसर दिलाएको छ । यसले ती संस्थामा अभाव भएको चिकित्सक समस्यालाई समेत विद्यार्थी चिकित्सकमार्फत भए पनि केही राहतसमेत दिने र आम नागरिकलाई स्वास्थ्य सेवामा समेत सहज हुने अपेक्षा गर्न सकिन्छ । अस्पतालमा भीड व्यवस्थापनका लागि थालिएको अनलाइन प्रणालीले केही हदसम्म पहिलेभन्दा सुधार गरेको महसुस भए पनि यसको कुशल व्यवस्थापनमा अस्पतालका नेतृत्वकर्ता स्वास्थ्य जनशक्तिले केही बढी मेहनत गर्नुपर्ने देखिन्छ । आम नागरिकले लाइन अझै घटेको छैन भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका प्रतिक्रियाले उनीहरुमा यसप्रति आशा भए पनि नतिजा सोचेजस्तो नआएकामा असन्तोष देखिन्छ । त्यसलाई सम्बोधन गर्न धेरैले बुझ्न सक्ने गरी प्रणालीबारे प्रचारप्रसार अनि गुनासो सम्बोधनमा तदारुकता देखाउन जरुरी छ। निर्णय गरेर मात्र हुँदैन व्यावहारिक कार्यान्वयन मुख्य विषय हो।

सङ्घीय अस्पतालमा दुई सिफ्टमा ओपिडी सेवा सुरु, लामो समयदेखि सम्बोधन हुन नसकेको चिकित्सकहरुको समायोजनमा देखिएका समस्या सम्बोधन गर्न मन्त्रीले गर्नुभएको निर्णयले धेरै चिकित्सकलाई राहत दिएको महसुस गर्न सकिन्छ। तर यससँगै चिकित्सक अभाव पूर्ति गर्न अझ ठोस कदम स्वास्थ्यमन्त्रीले चाल्नुपर्ने आवश्यकता छ। यसका लागि अन्य मन्त्रालयसँगसमेत समन्वय गरेर स्रोतको व्यवस्थापन गर्न लाग्नुपर्ने आवश्यकता देखिन्छ । वीर अस्पताल तथा देशमा हालसम्म व्यावहारिक रुपमा सञ्चालन हुन नसकेको श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई तीन सय शय्या निर्माणका लागि छिमेकी भारतसँग समझदारीको काम अघि बढ्नु वास्तवमै महत्वपूर्ण छन् । अस्पतालको स्तरोन्नति प्रस्तावलगायतका कार्य सङ्घीय अस्पताल केन्द्रित देखिन्छन् । केही नीतिगत र अन्य तहगत सुधारका कामहरु पनि छन् । अब यस्तै सुधारको कार्यक्रमहरु स्वास्थ्य क्षेत्रको हरेक तह, विषयगत क्षेत्र र सेवा प्रदायकहरुमा तत्काल तय गर्ने र सुधारको प्रत्याभूति हरेक जनताले महसुस गर्नेगरी लागू गर्नुपर्ने देखिन्छ । स्वास्थ्य सेवाहरूलाई सामान्यतया स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाको स्तर र बिरामीलाई गर्नुपर्ने हेरचाहको जटिलताको आधारमा विभिन्न श्रेणी वा स्तरहरूमा वर्गीकृत गरिन्छ । जस्तै प्राथमिक वा सामुदायिक, विशिष्ट, अतिविशिष्ट स्वास्थ्य सेवा आदि। यी हरेक तह वा स्तरहरुको बीच समन्वय, सहकार्य र सहयोग भएन भने स्वास्थ्य सेवाको सम्बन्ध छुट्छ वा टुट्छ । साथै, यीमध्ये कुनै तह वा श्रेणी कमजोर भयो भने पनि स्वास्थ्य सेवाको पहुँच धेरैको लागि असम्भव जस्तै हुन्छ । नेपालको स्वास्थ्य सेवामा देखिएको एउटा प्रमुख समस्या यो पनि हो। यो समाधान गर्नका लागि हरेक तह र श्रेणी समेटेर समस्त स्वास्थ्य सेवाको एकीकृत विकास र सुधार गर्न सक्ने योजना बनाई लागू गर्नुपर्ने देखिन्छ।

नेपालको स्वास्थ्य सेवामा सेवाको माग र आपूर्तिबीच खाडल छ । स्वास्थ्य सेवामा सरकारी वा सार्वजनिक स्रोत र साधनको उपलब्धता कमी छभने माग निकै बढी छ । माग र आपूर्तिबीचको खाडल पुर्न सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको कस्तो र कतिसम्मको भूमिका रहेको छ वा रहनुपर्ने हो, त्यसको लेखाजोखा पनि छैन। यस्तो अस्पष्ट अवस्थामा बन्ने रणनीति, नियम, योजना र कार्यक्रमहरुले अहिलेको स्वास्थ्य सेवामा देखिएका समस्या समाधान गर्न सक्दैन। यो समस्या समाधान गर्न अहिले हामी कहाँ छौं, अर्को वर्ष वा एक निश्चित अवधिमा कहाँ र कसरी पुग्ने हो, त्यसको निक्र्यौल गर्न वस्तुगत तथ्याङ्कसहित तथ्यगत आधार तयार गर्नुपर्ने हुन्छ। यसैको आधारमा बन्ने योजना र कार्यक्रमले मात्रै स्वास्थ्य क्षेत्रमा सरकारले तोकेको उद्देश्य पूरा हुन सक्छ।

समस्या र चुनौतीको खातमाथि बसेको स्वास्थ्य मन्त्रालयले हिजोको आजै वा निकट भविष्यमा स्वास्थ्य सेवामा उल्लेख्य सुधार गर्न सक्दैन। यसका लागि सबै सरोकारवालासँग परामर्श गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति र कार्यक्रम बनाउनु जरुरी हुन्छ। यस्ता नीति र कार्यक्रमहरु पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण स्वास्थ्यमन्त्रीले पूरै पाँच वर्ष वा संसद्को अवधिभर नरहने तथा मन्त्रीकै पनि दृढ इच्छाशक्ति नहुँदा विगतमा सरकारका नीति र कार्यक्रमहरु बीचैमा अलपत्र गर्ने गरेका छन्। नयाँ आउने स्वास्थ्यमन्त्री वा उसको दलको आ–आफ्नै प्राथमिकता र कार्यक्रम हुने हुनाले पहिलेको मन्त्रीका प्राथमिकता, राम्रा नीति र कार्यक्रमहरुलाई निरन्तरता दिने प्रचलन पनि छैन । त्यस्तै, स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको कमी, स्वास्थ्य कार्यक्रमहरुको कमजोर कार्यान्वयन, फितलो मूल्याङ्कन र अनुगमन पद्धति, कर्मचारीमा जवाफदेहिता र जिम्मेवारीपनको कमी, पदीय दायित्वमा राम्राभन्दा हाम्राहरुको हालीमुहाली आदि कारणले पनि स्वास्थ्य सेवामा भनेजस्तो सुधार हुन सकेको छैन । यी कमजोरीहरु हटाउन सबै दलको राजनीतिक प्रतिबद्धताले मात्रै पुग्दैन, हरेक तह र क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्नुपर्ने देखिन्छ।

विगतको तथ्याङ्क हेर्दा मातृ एवं बाल स्वास्थ्यको क्षेत्रमा नेपालमा भएका सुधार र उपलब्धिको अन्तर्राष्ट्रिय क्षेत्रबाट खुलेरै तारिफ भएको छ । यस्तै, काम अब कुनै एक क्षेत्रमा मात्रै हैन, समग्र स्वास्थ्य क्षेत्रको आमूल रुपान्तरण गर्न वर्तमान सरकार, स्वास्थ्य मन्त्रालय र मन्त्रीको भूमिका महत्वपूर्ण हुन्छ। स्वास्थ्य क्षेत्रमा भएका कमी कमजोरी र सुधार गर्नुपर्ने कामहरुबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरुलाई जानकारी नै छ। तर ती कमी कमजोरीहरुलाई कसरी सुधार गर्ने र त्यसको लागि स्रोत र साधनको व्यवस्था कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हो । यो काम मन्त्रालयका उच्च पदाधिकारीहरुको दीर्घकालीन सोच, प्रतिबद्धता र कुशल नेतृत्वले मात्रै सम्भव छ।

जहाँ समस्या हुन्छ, त्यहाँ समस्याको समाधान पनि हुन्छ। समस्याको समाधान स्वचालित वा यन्त्रवत रुपमा आफैँ हुने हैन । आ–आफ्नो क्षेत्रमा भएका समस्याहरुको पहिचान गरी समाधान गर्न पद्धति, प्रणाली र संयन्त्रको व्यवस्था गरिएको हुन्छ । यसैका लागि सरकार, नीतिनियम, विभिन्न संरचना, निकायहरु, नागरिक समाज आदि हुन्छन् । नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम स्वास्थ्यसम्बन्धी जनताको मौलिक हक र अधिकार सुनिश्चित गर्न, सर्वसुलभ र सुपथ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन राजनीतिक दल, नेता, सरकारी निकाय र संयन्त्रले अहिले नै आ–आफ्नो ठाउँबाट उचित कदम राख्ने हो भने नेपालको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार र रुपान्तरण गर्न सम्भव छ। रासस

# सरकारको सय दिन निराशाजनक पनि होइन तर आशा जगाउने खालको पनि छैन

कृष्ण ज्ञवाली

सरकार बन्नु नै एउटा उपलब्धि हो । देशमा अनिश्चय र अन्योलको वातावरण थियो । हामी छिटो–छिटो सरकार फेरिरहने रोगबाट ग्रस्त छौँ। त्यसैले यो सरकार बनेर अलिकति राजनीतिक स्थिरता दिन खोजेको जस्तो देखिन्छ । समष्टीगत रूपमा हेर्दा सरकारले आशा र विश्वास जगाउन सकेको देखिँदैन। भर्खरै हामीले भोगेको प्राकृतिक प्रकोपमा सरकार राहत र उद्धारमा चुक्यो । प्राकृतिक प्रकोपमा उद्धार, राहत र पुनव्र्यवस्थापन गरी तीन वटा पक्ष हुन्छन्। अरू क्षेत्रमा पनि खासै आशा जगाउने काम भएका छैनन् । तै पनि एक सय दिनमै सरकारको मूल्याङ्कन र निचोड निकाल्न अन्यायपूर्ण हुन सक्छ । अझै सरकारलाई शङ्काको लाभ चाहिँ दिनुपर्छ।

यो एक सय दिनमा सरकार प्राकृतिक प्रकोपको पूर्वतयारी, राहत र उद्धारमा चुकेकै हो। सरकारले यो कुराको महसूस गर्नुपर्छ। प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिएर आएपछिको ब्रिफिङमा गरेको सरकारको बचाउलाई वैज्ञानिक र विज्ञले मन नपराएको देखियो । प्रधानमन्त्रीजस्तो मानिसले भविष्यवाणी गर्दा ठ्याक्कै ठाउँ र समय तोकेर गर्नुपर्छ नि भन्नुभयो । पहिलेको भन्दा पछिल्लो पटकको विपद् व्यवस्थापन प्राधिकरणबाट पूर्वतयारीको सूचना आएकै हो। जल तथा मौसम विज्ञान विभागले पनि पानी पर्ने सम्भावनाका बारेमा बेलैमा चेतावनी दिइरहेको थियो। यसमा सरकारले जति तदारुकताका साथ व्यवस्थापन गर्न सक्नुपर्थ्यो, त्यो हुन सकेन।

आर्थिक क्षेत्रमा पनि सरकारले खासै राम्रो गर्न सकेको छैन । निजी क्षेत्र र सरकारबीच सम्बन्ध राम्रो भएन भनेर सरकारले एउटा आयोग गठन गरको छ। यो कार्यलाई सकारात्मक रूपमा लिनुपर्छ। नेपाल राष्ट्र बैंकले जारी गरेको पछिल्लो दुई महिनाको तथ्याङ्क हेर्दा विप्रेषण बढ्नु र केही पूँजीगत खर्च बढ्नु ठीकै हो । यस्तै बैंकले ब्याजदर निक्षेपमा घटाउने भनेको छ । जसको असर कर्जामा पर्नु राम्रै हो। यसले निजी क्षेत्रलाई कर्जा बढ्ला भन्ने आशा गर्न सकिन्छ। तर बाह्य क्षेत्र मात्र राम्रो भएर भएन। हाम्रो आन्तरिक क्षेत्रमा उत्पादन बढ्नु पर्‍यो जसले रोजगारी सिर्जना गर्छ, निर्यातमा पनि योगदान पुर्‍याउँछ। निजी क्षेत्रसँग भएका गुनासा र सुझाव दुवै कुरा सरकारसँग पुग्नुपर्छ । निजी क्षेत्रका गुनासा र सुझाव सम्बोधन गर्न सरकारले विज्ञसँग बसेर तत्काल गर्न सकिने र समय लाग्ने विषयका बारेमा जानकारी गराउनुपर्छ । यसले निजी क्षेत्रलाई आफ्ना माग सम्प्रेषण गर्न सहजीकरण गर्छ र सरकारलाई पनि कार्यान्वयन गर्न सहज हुन्छ। उद्योग वाणिज्य महासङ्घको यो माग सरकारले सुनेको जस्तो देखिन्छ। नेपालमा आयोगहरू बन्छन्, तर आयोगको सिफारिश खासै कार्यान्वयमा गएको देखिँदैन। उदाहरणका लागि अर्थविद् डिल्लीराज खनालको संयोजकत्वमा सार्वजनिक खर्च पुनरावलोकन आयोग बन्यो। आयोगले खर्च कटौती सम्बन्धमा तथा अर्थतन्त्रलाई कसरी जीवन्त गराउन सकिन्छ भन्ने लगायतका विषयमा सुझाव दिएको थियो। तर धेरैजसो सुझाव र प्रतिवेदन दराजमा थन्किए, लागू हुन सकेका छैनन् । त्यसैले सरकारले आफ्नो इच्छाशक्ति प्रदर्शन गर्न सक्नुपर्छ । अहिलेसम्म सरकारले दृढशक्ति देखाउन सकेको छैन।

विदेश नीतिमा हेर्दा पनि खासै उल्लेखनीय केही भएको देखिँदैन । प्रधानमन्त्री केपी शर्मा ओली र पराष्ट्रमन्त्री आरजु राणा देउवा राष्ट्रसङ्घको सम्मेलनमा गएर विदेशी नेताहरूसँग भेटघाट गर्नु नियमित प्रक्रिया हो। सम्बन्ध सुधार गर्ने नीतिमा परराष्ट्रमन्त्रीको भारत भ्रमण राम्रै भएको देखिन्छ । यसले एउटा सकारात्मक वातावरण निर्माण गरेको छ । मुख्य हामीले हेर्ने भनेकै चीन, भारत, अमेरिका र युरोपियन युनियन हो। उनीहरूसँग सम्बन्ध धेरै सुधार्न नसके पनि बिगार्न चाहिँ भएन। समग्रमा सरकारको कार्यशैली हेर्दा बिग्रिसकेको त देखिँदैन। तर सरकारले आशा, उत्साह र विश्वासको सञ्चार गर्न सकेको छैन।

**सुशासन कमजोर**

सुशासनका सम्बन्धामा निजामती कर्मचारीतन्त्रलाई सरकारले स्थिर, भरपर्दो, नागरिकको स्नेह र सम्मान आर्जन गर्ने खालको बनाउन सकेको छैन। कर्मचारीतन्त्रलाई गिजोल्ने काम अहिले पनि रोकिएको छैन । मन्त्री मन्त्रालयमा आउन नपाउँदै सचिव सरुवा गर्ने प्रवृत्ति उस्तै छ। सरुवा गर्नुको औचित्य पुष्टि गरेको पनि देखिँदैन । मन्त्रीले आफ्नो अनुकूल सचिव सरुवा गर्ने परिपाटी सुध्रिएको छैन। यसले प्रशासनमा स्थिरतरता ल्याउँदैन, कार्यसम्पादन पनि राम्रो हुँदैन र मनोबल पनि घट्छ। संसद्मा पुगेको निजामती ऐन अझै पारित हुन सकेको छैन । विभिन्न महत्त्वपूर्ण ऐन लगेर संसद्लाई चलायमान गराउनुपर्थ्यो, यसमा पनि सरकार चुकेको देखिन्छ। त्यसैले सुशासनमा पनि खासै उल्लेखनीय काम भएको देखिँदैन।

सिंहदरबारमा कर्मचारी धेरै हुनु र उपत्यकाबाहिर कर्मचारी अभाव हुनुका कारण पनि कर्मचारी ऐन पारित नहुनु हो । उपत्यकाबाहिर कर्मचारी पठाउन सेवा आयोग गठन हुनुपर्‍यो। कर्मचारीको वृत्ति विकास हुने वातावरण गरिदिनुपर्छ। प्रदेशले आफ्नै निजामती सेवा आयोग गठन गरेका छैनन्। सङ्घबाटै पठाएर काम चलिरहेको छ। यही कारण कर्मचारीको सरुवा हुने दर बढिरहेको देखिन्छ। उपत्यकामा पाएको सेवा सुविधाले गर्दा प्रदेशमा जान नखोज्ने र सङ्घमै बसिरहने प्रवृत्ति छ । त्यसैले कर्मचारी ऐनमा सुनिश्चितता गरियो भने कर्मचारी जहाँ पठायो त्यहीँ जान बाध्य हुन्छ।

**नागरिकको आशा अनुरूप काम भएन**

नागरिकको आशा अनुरूपको काम भएको देखिँदैन। सरकार छ, चलिरहेको छ भन्ने मात्र छ । पहिलेदेखि थुप्रिएका समस्या जहाँको त्यहीँ छ । अर्थतन्त्रले गति लिन सकिरहेको छैन । संस्थाहरूको राजनीतिकरण उस्तै छ । सुशासन र समृद्धि अहिलेको सरकारको लक्ष्य हो । सुशासन र समृद्धिमा पुग्न क्रमभङ्गताको सन्देश दिए बल्ल नागरिकमा आशा पनि जाग्छ । हरेक क्षेत्रमा राजनीतिकरण छ । सेवा वितरणमा नागरिक कर्मचारीतन्त्रप्रति असन्तुष्ट छन् । नागरिकलाई दिने सेवाका बारेमा मन्त्री र सचिवबीच बलियो समझदारी भएको हुनुपर्छ, तर त्यो देखिँदैन। प्रधानमन्त्री र मुख्यसचिव तथा मन्त्री र सचिवबीच कार्यसम्झौता हुन्छ, तर त्यो देखाउनका लागि गरिएको साझेदारीजस्तो देखिन्छ।

प्रधानमन्त्रीले कर्मचारीसँग कार्यसम्झौता गर्ने नै होइन, यो एकदम गलत विधि हो। मन्त्रालयको सचिवले तत्काल सेवा दिने संस्थानहरूसँग समझदारी गनुपर्छ। कार्यसम्झौता गर्ने अनि कर्मचारीको सरुवा गर्‍यो भने यो नाटक मात्र हुन्छ । कर्मचारीलाई कम्तीमा दुई वर्ष काम गर्न दिनुपर्छ।

सरकारको सय दिन पुग्दासम्म मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन्। मन्त्रीहरूले सम्पत्ति सार्वजनिक नगर्नु डराएर वा बेमतलब गरेको हो।

**बाढी पहिरो र डुबानमा सरकार चुक्यो**

मनसुनको बेला आएको ठूलो बाढी, पहिरो र डुबानमा पनि सरकार चुकेको देखिन्छ। नख्खु खोलामा बाढी आउँदा एउटा नागरिकले बाढीमा बगेका र डुबेका कति मानिसको ज्यान बचायो । सरकारले 'भिजिबिलिटी' पुगेन भनेर हेलिकप्टर उडाएन। यस्तो बेलामा सरकारको पूर्वतयारी कति पनि नभएको देखिन्छ। जबकि विपद् आउँदा ढोल पिटेर आउँदैन भनिन्थ्यो तर यस पटक ढोल पिटेरै आएको थियो। बेलैमा सूचना दिने जल तथा मौसम पूर्वानुमान महाशाखालाई धन्यवाद दिनुपर्छ। त्यसरी समयमा नै सूचना दिए पनि अभिभावकीय भूमिका निभाउन कसैले सकेन । प्रधानमन्त्री र विपद् व्यवस्थापनका कार्यकारी निर्देशक पनि बाहिर भए। बाहिर भए पनि देशमा विपद् आएपछि त समयमा आउनु पर्छ । यसमा सरकार गैरजिम्मेवार भएको देखिन्छ। साथै विपद् आउनुअघि राज्यले नागरिकलाई सुसूचित गर्न सकेन । नागरिकले सरकारसँग भर परेर बसेको हुन्छ। गर्न नसकेपछि सरकारले आत्मालोचना गर्नुपर्छ, तर गर्दैन । प्रधानमन्त्री ओलीले बरु उल्टै प्रतिरक्षा गरेको देखिन्छ, यो राम्रो होइन।

**महँगी नियन्त्रण तथ्याङ्कमा एउटा, बजारमा अर्को**

नेपाल राष्ट्र बैंकको तथ्याङ्क हेर्दा महँगी नियन्त्रणमा केही सुधार भएको देखिन्छ । तर उपभोक्ता बजारमा किनमेल गर्न जाँदा मूल्यसूचीमा खासै घटेको जस्तो लाग्दैन । सरकारको अनुगमन पनि चाडपर्वमा मात्र मौसमी खालको हुन्छ। महँगी अनियन्त्रित नै छ। महँगीको सम्बन्ध मानिसको आम्दानीसँग छ । मानिसको आम्दानी बढ्यो भने महँगीको मार थेग्न सक्छ। तर जसको स्थिर आम्दानी छैन उसलाई महँगी भार खपी नसक्नु हुन्छ।

मन्त्रालयगत हेर्दा स्वास्थ्य मन्त्रालयबाट केही सकारात्मक सन्देश दिन खोजिएको देखिन्छ । कृषि मन्त्रालयले उखुको भुक्तानी दिन शुरू गर्नु राम्रो कुरा हो। दूधको भुक्तानी पनि चाँडै होला। उखुको भुक्तानी नपाउँदै किसानले अन्य बाली लगाउन थालेका छन्। मूल्यमा उतारचढाव पनि हुन्छ। नेपालले मूल्य निर्धारण गर्दा भारतको आधार लिएको हुन्छ। चिनी मिलका मालिकले किसानसँग कम मूल्यमा उखु लिन खोज्छन्। चिनी मिल र उखु किसानबीचको तालमेल पहिलेदेखि मिल्न सकिरहेको छैन। सरकारले यसको समस्या समाधान गर्न स्थायी संयन्त्र बनाउन आवश्यक देखिन्छ। केही हाम्रा कानूनी जटिलता पनि छन्। अन्य मन्त्रालयको काम कारबाही सुनसानजस्तै छ।

**अबको सरकारको काम**

सरकारको एक सय दिन हेर्दा निराशाजनक भनी नहालौँ, तर आशा, उत्साह जगाउने किसिमिको पनि छैन । सरकारको कार्यशैली देखाउनका लागि मात्रै गरेजस्तो गर्नु भएन। सरकार आफैँले बनाएको नीति कार्यक्रमको निगरानी र मूल्याङ्कन हुनुपर्छ। कागजमा मात्र आएर भएन, कागजमा लेखिएका कुरा काममा आउनुपर्‍यो । पटक–पटक मन्त्री र वर्षौंसम्म मन्त्रालयमा रहेर काम गरिरहेका कर्मचारीलाई समस्या थाहा नभएर काम नगरेका होइनन्। उनीहरूको ध्यान जति सबै सत्तामा मात्रै केन्द्रित रह्यो।

मन्त्रीहरूले काम गर्नेभन्दा पनि पार्टीका काम कारबाहीतिर बढी ध्यान दिएको देखिन्छ। सरकारमा आएपछि पार्टीको काम अरू कसैलाई दिए पनि हुन्छ । तर यहाँ सत्ताको मोह साथसाथै पार्टीभित्रको मोह पनि उत्तिकै र एकैपटक भइरहेको देखिन्छ । अहिले भएका राजनीतिक दलमा आफू परिवर्तन हुनुपर्छ र गर्नुपर्छ भन्ने भान नै छैन। त्यसैले पुस्तान्तरणकै समस्या हो कि जस्तो लाग्छ । हाम्रो सीमित स्रोत साधनको प्राथमिकतापूर्वक प्रयोग र परिचालन हुन जरुरी छ। अब अहिलेको सरकार तुरुन्तै त नफेरिएला । सरकारले नयाँ पुस्ताका युवायुवतीको माग, अपेक्षा र भावनालाई जोड्न सक्नुपर्छ। एक सय दिनमै सरकार असफल भयो भन्न त मिल्दैन। तर हामीले नागरिकको स्तरबाट पनि सरकारलाई राम्रो काम गर्न निरन्तर दबाब चाहिँ दिइरहनुपर्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# राष्ट्रपति र प्रतिपक्षी दलहरुबीच समसामयिक विषयमा छलफल



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसँग संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्षसहितका दलका नेताहरुले भेट गरेका छन् ।
राष्ट्रपति भवन शीतल निवासमा बुधबार प्रमुख प्रतिपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहित प्रतिपक्षमा रहेका दलका नेताहरुले भेट गरेका हुन् ।
प्रतिपक्ष दलहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएको सन्दर्भमा सरकारबाट भएका कमीकमजोरीबारे राष्ट्रपतिलाई जानकारी दिनका लागि शीतल निवासमा आएको जानकारी दिएका थिए ।
राष्ट्रपति पौडेलसँग प्रतिपक्ष दलका नेताहरुले वर्तमान परिस्थितिबारे जानकारी दिनका लागि आफूहरू आएको बताउँदै उनीहरुले लोकतन्त्र र संविधानको संरक्षकको भूमिका निर्वाह गर्न आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । नेताहरुले संविधानको मर्म विपरित र बहुलवादमा आधारित मर्म विपरितका कतिपय क्रियाकलाप हुन लागेको जिकिर गर्दै यसमा संविधानको संरक्षक र देशको अभिभावकका हैसियतमा भूमिका निर्वाह गर्न आग्रह गरेका थिए ।
भेटका क्रममा राष्ट्रपति पौडेलले आफू संविधान, राष्ट्र र राष्ट्रिय एकताको प्रवद्र्धनप्रति प्रतिबद्ध रहेको बताउँदै संविधानले आफूलाई दिएको कर्तव्य र सीमाअनुसार अगाडि बढ्ने कुरामा विश्वस्त हुन आग्रह गरे ।
उनले भने, 'संविधान मर्म र लोकतन्त्रको मर्मलाई हेरेर संविधानले निर्धारित राष्ट्रपतिको कर्तव्य र सीमालाई हेरेर मैले काम गर्ने कुरामा तपाईंहरुलाई विश्वास दिलाउन चाहन्छु ।'
संसद्मा प्रतिपक्षमा नेकपा (माओवादी केन्द्र) सहित राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी र आमजनता पार्टी छन् । राष्ट्रपति पौडेलसँगको भेटमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष दाहाल, शक्ति बस्नेत, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सांसदद्वय शिशिर खनाल र सुमना श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नेता बुद्धिमान तामाङ र हेमजङ्ग गुरुङ, नेकपा (एकीकृत समाजवादी) बाट अध्यक्ष माधवकुमार नेपाल र वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डे र आमजनता पार्टीबाट नेता तिलक थापामगर सहभागी थिए । रासस

# सरकारको समीक्षा जनताले गर्छन्ः वरिष्ठ उपाध्यक्ष श्रेष्ठ

**विराटनगर ।**
नेकपा (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष एवं पूर्वउपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले माओवादी पार्टी सरकारमा जानेभन्दा संगठन बलियो बनाउने अभियानमा लागेको बताएका छन् ।
बुधबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँगको संक्षिप्त कुराकानीमा वरिष्ठ उपाध्यक्ष श्रेष्ठले आमनागरिकको हितमा काम गर्न सरकारलाई सुझाव दिँदै भने, 'दुई ठूला दल मिलेर बनेको वर्तमान सरकारलाई निरङ्कुश बन्न छुट छैन, संसदीय पद्धति र परम्परालाई पालनागरी सुशासनसहित जनतालाई राहत सुविधा दिनेतर्फ सरकारको ध्यान जान आवश्यक छ ।'
उनले भ्रष्टाचारमा संलग्न दोषीलाई कुनै हालतमा छाड्न नहुने धारणा व्यक्त गर्दै गत असारमा आएको अविरल वर्षापछिको बाढीपहिरो र डुबानबाट प्रभावित जनतालाई राहत तथा पुनःस्थापनाको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गरे ।
एक प्रश्नको जवाफमा वर्तमान सरकारको सय दिनको समीक्षा हामी प्रतिपक्ष राजनीतिक दलले भन्दा आमनागरिकले गर्ने छन् भन्दै वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने, 'विद्यमान अवस्थामा कुनै पनि किसिमका ऐन, कानुन अध्यादेशबाट ल्याउनुभन्दा जनताको सर्वोच्च निकाय संसद्मा छलफल गराई आउनुपर्दछ, संसद्लाई उपेक्षागरी कानुन ल्याउन खोजिए प्रमुख प्रतिपक्ष दलका हैसियतले माओवादी पार्टी संसद् र सडकबाट विरोधमा उत्रन्छ ।'
उनले हाम्रो ध्यान सरकारभन्दा पनि संगठन विस्तार, सुदृढीकरण, पार्टी एकता र एकीकरण अभियानमा लागेको स्पष्ट गरे । रासस

# हूलहुज्जत र सडक प्रदर्शनले न्यायिक प्रक्रिया प्रभावित हुन्छः कांग्रेस



**काठमाडौँ ।**
नेपाली कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका समर्थकहरुले गरिरहेको हूलहुज्जत र सडक प्रदर्शनले अनुसन्धानलाई प्रभावित गर्ने भन्दै ध्यानाकर्षण भएको जनाएको छ । कांग्रेसले बुधबार विज्ञप्ति जारी गरी सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेका सो पार्टीका सभापति लामिछानेका समर्थकहरुले राज्यका तटस्थ निकायहरुलाई आतङ्कित र त्रसित पारी अनुचित दबाव सिर्जना गरिरहेको उल्लेख गरेको छ । राज्यका वैधानिक निकायबाट भइरहेको निष्पक्ष अनुसन्धान र न्यायिक निरुपणलाई बाधा पुऱ्याउने, नागरिकको व्यक्तिगत स्वतन्त्रता, सामाजिक सद्भाव र स्थानीय शान्तिसुरक्षामा समेत खलल पुऱ्याउने गतिविधिप्रति कांग्रेसले विरोध जनाएको छ ।
संसदीय छानबिन समितिले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नु सरकारको कर्तव्य भएकाले सोही बमोजिम केही सहकारीको रकम अपचलन गरेको अभियोगमा गोर्खा मिडिया कम्पनीका सञ्चालकहरु जिबी राई, छविलाल जोशी र प्रबन्ध निर्देशक लामिछानेलाई उजुरीका आधारमा अनुसन्धानका लागि पक्राउ गरिएको विज्ञप्तिमा उल्लेख छ । 'कुनै पनि कसुरमा आरोप लागेपछि वैधानिक निकायबाट गरिने अनुसन्धान, छानबिन र न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याउनु प्रत्येक नागरिकको कर्तव्य हुन्छ भने राजनीतिक दलको झन् बढी जिम्मेवारी हुनु पर्दछ,' विज्ञप्तिमा उल्लेख छ,'तर रास्वपाका नाममा भइरहेको गतिविधिहरुले विधिको शासन कायम गर्ने नेपाली जनताको चाहनालाई अवमूल्यन र उपहास गरेको छ ।' प्रचलित कानुनबमोजिम कसुर ठहरिने कुनै पनि गतिविधिमा संलग्न जुनसुकै दल, पद वा हैसियतको व्यक्ति भए पनि उनीहरुमाथि समान ढङ्गले अनुसन्धान गरी कानुनी दायरामा ल्याउनुपर्छ भन्ने मान्यताप्रति कांग्रेस प्रतिबद्ध रहेको पार्टीको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । रासस
यो समीक्षा हामी प्रतिपक्ष राजनीतिक दलले भन्दा आमनागरिकले गर्ने छन् भन्दै वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने, 'विद्यमान अवस्थामा कुनै पनि किसिमका ऐन, कानुन अध्यादेशबाट ल्याउनुभन्दा जनताको सर्वोच्च निकाय संसद्मा छलफल गराई आउनुपर्दछ, संसद्लाई उपेक्षागरी कानुन ल्याउन खोजिए प्रमुख प्रतिपक्ष दलका हैसियतले माओवादी पार्टी संसद् र सडकबाट विरोधमा उत्रन्छ ।'
उनले हाम्रो ध्यान सरकारभन्दा पनि संगठन विस्तार, सुदृढीकरण, पार्टी एकता एवं एकीकरण अभियानमा लागेको स्पष्ट गरे । रासस

# राष्ट्रिय मुद्दामा सत्तारुढ दल एक ढिक्का भएर प्रस्तुत हुने



**काठमाडौँ ।**
सरकारलाई समर्थन गरिरहेका राजनीतिक दलहरुको बुधबारको बैठकमा सरकारको सय दिनको प्रगति,समसामयिक घटनाक्रम र राष्ट्रिय हित एवं मुद्दामा समान धारणामा साथ एक ढिक्का भएर अघि बढ्ने विषयमा छलफल भएको छ ।
प्रधानमन्त्री निवास, बालुवाटारमा बुधबार भएको बैठकमा लोकतान्त्रिक पद्धति, विधिको शासन र जनतामा सेवा प्रवाहका विषयमा सरकार स्पष्ट भई दृढताका साथ काम गरिरहेको अवगत गराइएको छ । बैठकमा गृहमन्त्री रमेश लेखकले सहकारी अनियमिततासम्बन्धी संसदीय छानबिन समितिले सर्वसम्मत तयार पारेको प्रतिवेदन कार्यान्वयनका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेलाई अदालतको स्वीकृति लिई पक्राउ गरिएको जानकारी गराए ।
फौजदारी घटनामा न्यायिक छानबिन भइरहेका बेला अदालत र सरकारलाई दबाब दिने गरी भइरहेका विरोध प्रदर्शन उचित नभएको गृहमन्त्री लेखकले बताए ।
यस्ता घटनाका विषयमा सत्तामा रहेका दलहरुले आफ्ना तर्फबाट वक्तव्य जारी गरी न्यायिक छानबिन र लोकतान्त्रिक पद्धतिलाई निष्पक्ष रुपमा अगाडि बढाउन आग्रह गर्ने विषयमा समझदारी भएको उनले बताए ।
सरकारको हालसम्मको काम, आगामी योजनालगायत विषयमा यही कात्तिक ९ गते अर्को बैठक बस्ने तय भएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले जानकारी दिए ।
बैठकमा प्रधानमन्त्री ओलीले सत्ता समीकरणमा रहेका दलहरु एक ढिक्का भएर प्रस्तुत हुनुपर्नेमा जोड दिए । लोकतान्त्रिक पद्धति, मूल्य र मान्यताप्रति आफूहरु प्रतिबद्ध रहेको स्पष्ट गर्दै राष्ट्रिय सद्भाव र हितको रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने उनले बताए ।
'हामी लोकतन्त्रका लागि लडेका हौँ । हामीलाई लोकतन्त्र मात्रै स्वीकार्य छ । अराजकता र अवाञ्छित क्रियाकलाप स्वीकार्य छैन । जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन आजीवन लागेका छौँ । हाम्रो यो प्रतिबद्धता र दृढतामा कुनै कमी आउँदैन । यसमा हामी स्पष्ट छौँ', प्रधानमन्त्री ओलीले भने ।
बैठकमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री लेखक, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव पोखरेल, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणुकुमारी यादव, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा सिके राउतलगायत सहभागी थिए । रासस

# एमाले ललितपुरद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटी ललितपुरले बाढी, पहिरो र डुबानका कारण उत्पन्न स्थितिबाट जनजीवनलाई सहज र पूर्ववत् बनाउन आग्रह गरेको छ । जिल्ला कमिटीका पदाधिकारीहरुले बुधबार प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री निवास, बालुवाटारमा ध्यानाकर्षणपत्र बुझाएको हो ।
मनसुनजन्य विपत्तिलगत्तै सरकारले प्रभावकारी रुपमा खोज, उद्धार र राहतका काम गरेको उल्लेख गर्दै अबका दिनमा ललितपुरसँग जोडिएका राजमार्ग, ठूला सडक, विद्युत् र सञ्चारका संरचना पुनःसञ्चालन तथा मर्मतका लागि पहल गरिदिन जिल्ला कमिटीले प्रधानमन्त्री ओलीसमक्ष आग्रह गरेको छ । जिल्ला कमिटीका अध्यक्ष पुरुषोत्तम आचार्यले प्राकृतिक विपद्बाट जिल्लामा ४६ जनाको मृत्यु, पाँच जना बेपत्ता भएका तथा १८ जना उपचाररत रहेको सो अवसरमा जानकारी दिए । बाढी पहिरो र डुबानबाट जिल्लामा दुई सय १२ परिवार विस्थापित भएको उनले बताए । ललितपुरको पुनः निर्माणका लागि कम्तीमा रु तीन अर्ब बजेट विनियोजन गर्न अध्यक्ष आचार्यले प्रधानमन्त्री ओली समक्ष माग गरे ।
ध्यानाकर्षणपत्र बुझेपछि प्रधानमन्त्री ओलीले सरकारले खोज, उद्धार र राहत तथा पुनः व्यवस्थापनका काम प्रभावकारीरुपमा गरिरहेको उल्लेख गर्दै गत वर्ष जाजरकोटमा गएको भूकम्पबाट प्रभावितको दोस्रो किस्ता बाँकी रहेको अवस्थामा वर्तमान सरकारले निकासा दिन थालेको जानकारी दिए । उनले हुँदै नभएका कमजोरीलाई पनि कमजोरी देखाएर गलत प्रचार गर्ने शैली हुन नहुनेमा जोड दिए ।
सो अवसरमा एमाले बागमती प्रदेशका इन्चार्ज डा.राजन भट्टराई, केन्द्रीय सदस्यहरु सुशीला नेपाल, हरिकृष्ण व्यञ्जनकार, बाबुराम थापा,रुपनारायण श्रेष्ठ, बागमती प्रदेश कमिटी सचिव नवराज सिलवालगायत सहभागी थिए । रासस

# अर्थमन्त्री पौडेल वासिङ्टन डिसीमा



**वासिङ्टन डिसी ।**
अर्थमन्त्री विष्णु पौडेल विश्व बैंक तथा अन्तरराष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिन वासिङ्टन डिसीमा पुगेका छन् । उनलाई डलेस अन्तरराष्ट्रिय विमानस्थलमा वासिङ्टनस्थित नेपालका कार्यवाहक राजदुत कुमारराज खरेल तथा दूतावासका अधिकारीहरुले स्वागत गरेका थिए । मन्त्री पौडेलले बैठकमा मन्तव्य व्यक्त गर्ने तथा त्यस क्रममा विभिन्न मुलुकका आफ्ना सकमकक्षीका साथै कोष र बैंकका अन्य अधिकारीहरुसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम रहेको दूतावासले जनाएको छ । उनले अमेरिकी उद्यमी–व्यवसायीहरुसँग पनि छलफल गर्ने कार्यक्रम छ । रासस

# ‘दिगो आर्थिक वृद्धि गर्न मत्स्यपालन व्यवसायलाई प्रवर्द्धन गरिने’



**चितवन**
कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले नेपालको दिगो आर्थिक वृद्धि गर्न मत्स्यपालन व्यवसायको महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।
नेपाल मत्स्य समाजद्वारा बुधबार चितवनमा आयोजित मत्स्यसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उनले गुणस्तरीय मत्स्य उत्पादनको परिपूर्ति गर्न, खाद्य र पोषण सुरक्षाको सुनिश्चितता एवं गरिबी न्यूनीकरणमा मत्स्यपालन क्षेत्रको प्रबद्र्घन गर्न सरकारले उच्च प्राथमिता दिएको जानकारी दिए ।
सम्मेलनले नेपालको मत्स्य क्षेत्रको दिगो विकासको लागि एक कोशेढुङ्गाको रुपमा भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे ।
नेपाल भूपरिवेष्टित राष्ट्र भए तापनि जलस्रोतमा तथा जलिय जैविक विविधतामा धनी भएको जनाउँदै उनले यस्ता स्रोतमा निर्भर रहेर धेरै समुदायको जीविकोपार्जन र खाद्य तथा पोषण सुरक्षामासमेत महत्वपूर्ण भूमिका खेलेको छ भने । नेपालमा मत्स्य पालनमा विभिन्न चुनौती रहेका जनाउँदै उनले भने, ‘गुणस्तरीय उत्पादन सामग्रीको आपूर्ति, पूर्वाधार विकासमा उच्चलागत, यान्त्रिकरण, डिजिटलाइजेशनको कमी, बजार पहुँच रहेका छन् ।’ नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको देश भएकाले मत्स्यपालन क्षेत्रमा पनि जलवायु परिवर्तनको असरको सामना गर्नुपर्ने अवस्था रहेको मन्त्री अधिकारीको भनाइ थियो ।
उनले भने,‘जलस्रोत तथा जलिय जैविक विविधता संरक्षणमासमेत विभिन्न चुनौती रहेका छन् ।’
मत्स्यपालनले नेपालको कूल ग्रार्हस्थ्य उत्पादनमा जम्मा ० दशमलब ४४ प्रतिशत योगदान गरे तापनि यो क्षेत्र यस दशकमा कृषि क्षेत्रको सबैभन्दा तीव्र रूपमा वृद्धि भइरहेको उपक्षेत्र रहेको मन्त्री अधिकारीको भनाइ थियो ।
हालसालै स्वीकृत राष्ट्रिय मत्स्य विकास नीतिले नेपालमा मत्स्य प्रवद्र्धन तथा संरक्षणको लागि आवश्यक रणनीतिक मार्गचित्र तयार गरेको उनले बताए । कृषि विकास रणनीतिले पनि नेपालका कृषि क्षेत्रको विकासका लागि मत्स्यपालनलाई तीन प्रमुख उपक्षेत्रमध्येको एकको रूपमा पहिचान गरेको मन्त्री अधिकारीको भनाइ थियो ।
कार्यक्रमको उद्घाटन सत्रमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)का उपकुलपति प्राध्यापक डा दिलीप सुब्बा, कृषि तथा वन विज्ञान विश्वविद्यालयका कार्यबाहाक उपकुलपति प्राध्यापक डा. शारदा थपलिया, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्र, नार्कका कार्यकारी निर्देशक डा. दोजराज खनाल, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव डा. नरेश सुवेदी, एफएओ नेपाल तथा भुटानका प्रतिनिधि केन सीमि, नेटवर्क अफ एक्काकल्चर
एसियाप्यासेफिकका डा. एडवार्डो लिएनो, नेपाल मत्स्यसमाजका अध्यक्ष प्राडा सुनिला राईलगायतले माछा उत्पादन, प्रविधि, बजारीकरण लगायतको महत्वका बारेमा बोलेका थिए ।
सम्मेलनमा विभिन्न १० देशका दुई सय वैज्ञानिक, प्राध्यापक, अनुसन्धानकर्ता, मत्स्य विकास अधिकृत, उद्यमी, किसान तथा विद्यार्थी सहभागी रहेको छ । सम्मेलनमा भारत, चीन, बङ्गलादेश, थाइल्याण्ड, हङ्गेरी, जापान, संयुक्त राज्य अमेरिका, फिलिपिन्स, मलेसिया र नेपालका प्रतिनिधि सहभागी भएको समाजका अध्यक्ष राईले जानकारी दिए । रासस

# ऊर्जा क्षेत्रको विकासका लागि नयाँ कार्ययोजना तयार



**काठमाडौँ ।**
ऊर्जा क्षेत्रको विकासका लागि ‘ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना–२०८१’ तयार गरी स्वीकृतका लागि मन्त्रिपरिषद्मा पेस गरिइएको छ ।
ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री दीपक खड्काले मन्त्रालयको नेतृत्वसम्हालेको १०० दिनको अवसरमा बुधबार पत्रकार सम्मेलन मार्फत् यो जानकारी दिएका हुन् । उनले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पु¥याउन सक्ने ऊर्जा उत्पादनका आन्तरिक स्रोतको अधिकतम विकास गर्न, राज्यको आन्तरिक विद्युत् खपत वृद्धि गर्न, अन्तरदेशीय विद्युत् व्यापारका लागि सम्भाव्य प्रतिफल प्राप्त गर्न तथा राज्यको ऊर्जा क्षेत्रको योजनावद्ध विकासका लागि उक्त कार्ययोजना तयार गरी मन्त्रिपरिषद्मा पेस गरिएको बताए ।
ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले उक्त लक्ष्य पूरा गर्न ४६ खर्बभन्दा बढी लागत लाग्ने बताए । उनले आफूले ऊर्जा मन्त्रालय सम्हालेको १०० दिनको अवधिमा देशभर परेको वर्षाका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा ठूलो क्षति पुगेपनि वर्तमान सरकारको १०० दिनमा लक्षित क्रियाकलाप र अतिरिक्त क्रियाकलापतर्फ ९८ प्रतिशत लक्ष्य हासिल गरिएको उल्लेख गरे ।
ऊर्जामन्त्री खड्काले १०० दिनको अवधिमा जल तथा मौसम विज्ञान नीति–२०८१ नेपाल सरकारबाट स्वीकृति भई कार्यान्वयनमा ल्याएको, जलस्रोत तथा सिँचाइ क्षेत्रमा अध्ययन अनुसन्धान कार्यका लागि मापदण्ड तयार गरी स्वीकृति गरिएको तथा निर्माण कार्यको मापदण्ड तयार गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेस गरिएको बताए ।
वर्तमान सरकारको १०० दिनको अवधिमा गत असोज १७ गते नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड एनटिपीसी विद्युत् व्यापार निगम भारतबीच नेपालबाट बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्नेसम्बन्धी त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर भएको मन्त्री खड्काले बताए ।
यस्तै, सोही अवधिमा सुख्खा यामको विद्युत् मागलाई मध्यनजर गरी भारतसँग २३० मेगावाट विद्युत् आयतका लागि सम्झौतासमेत गरिसकिएको छ ।
यसैगरी, २२०/१३२/३३ केभी चिलिमे हब जिआईएस सबस्टेशन र २२०/१३२/३३ केभी त्रिशूली हब हाईब्रिड जिआईएस सबस्टेशन गरी दुई सबस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुका साथै मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट बाह्रबिसे सबस्टेशन सम्मको चार किलोमिटर २२० केभी सिङ्गल सर्किट प्रसारण लाइएन निर्माण सम्पन्न भएको बताइएको छ ।
ढल्केवर–इनरुवा ४०० केभी प्रसारण लाईन र ढल्केवर–लोहरपट्टी १३२ केभी प्रसारण लाइन एवं १३२/३३/११ केभी सवस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको, थप २३४.५ एमभिए क्षमताको (बुर्तिवाङ ४६ एमभिए बागलुङ, पौडीअमराई ४६ एमभिए गुल्मी, लोहारपट्टी ८२.५ एमभिए महोत्तरी, मलेखु ६० एमभिए धादिङ) नयाँ सबस्टेशनको निर्माण कार्यलाई तीव्रता दिइएको मन्त्रालयले जनाएको छ ।
यसैगरी, रसुवा जिल्लास्थित १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजना, सिन्धुपाल्चोक जिल्लास्थित १०२ मेगावाटको मध्य भोटेकोशी जलविद्युत् आयोजना र रसुवास्थित ४२.५ मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको निर्माणकार्य सम्पन्न भई सञ्चालनमा ल्याउन अन्तिम चरणमा रहेको बताइएको छ ।
यसैबीच, निजी क्षेत्रको लगानीमा ८८ मेगावाट जलविद्युत् आयोजना सञ्चालनमा ल्याई राष्ट्रिय प्रसारण ग्रीडमा आवद्ध गरी विद्युत् आपूर्ति प्रणालीलाई थप सुदृढ गरिएको बताइएको छ ।
सोही समयमा वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रमार्फत ३२.४ किलोवाट बराबर क्षमताको सौर्य खानेपानी तथा सिँचाईपम्प जडानकार्य सम्पन्न भएको, केन्द्रमार्फत सुस्ता गाउँपालिकामा १०० किलोवाट क्षमताको सौर्य मिनीग्रिडबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रीडमा जडान गरी करिब ३०० घरधुरीमा विद्युत सेवा सञ्चालनकार्य सम्पन्न भएको छ ।
यस्तै, जलस्रोत तथा सिँचाइ विभागबाट यस अवधिमा सतह तथा भूमिगत सिँचाइमार्फत थप करिब २६६ हेक्टर जमिनमा सिञ्चित क्षेत्र विस्तार, देशका विभिन्न नदी तथा खोलामा विभागमा करिब ५ किलोमिटर तटबन्ध निर्माण कार्यसम्पन्न गरी करिब ४.५ हेक्टर जग्गा उकास भएको बताइएको छ ।
उक्त अवधिमा कैलालीमा अवस्थित रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउनुका साथै ४.७१ मेवावाट क्षमताको विद्युत् गृहसमेत सञ्चालनमा ल्याइएकोमन्त्री खड्काले बताउनुभयो । सोही अवधिमा ९२ वटा जलविज्ञान केन्द्रको तथ्याङ्क प्रशोधन सम्पन्न गरी देशभर अतिजन्य मौसम र बाढीसम्बन्धी पूर्वसूचना प्रवाहको सहज उपलब्धता सुनिश्चित गर्दै तथ्याङ्कको गुणस्तरीयतामा उल्लेखनीय वृद्धि गरिएको बताइएको छ ।
ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम)ले मुलुकको आर्थिक वृद्धिको संवाहकको रुपमा रहेको ऊर्जा क्षेत्रलाई मन्त्रालयले प्राथमिकतामा राखेर काम गरिरहेको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रमार्फत मुलुकलाई समृद्ध, सवल समुन्नत बनाउन आफू लागिरहेको उनको भनाइ थियो । पत्रकार सम्मेलनमा मन्त्रालयका जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, विद्युत् विकास विभागका महानिर्देशक नविनराज सिंह, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराल, वैकल्पिक ऊर्जा प्रबद्र्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललगायतले बाढी पहिरोका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा क्षति पुगेपनि उक्त क्षतिको पुनःनिर्माणका लागि आफूहरुले काम गरिरहेको बताएका थिए । रासस

# खेलकुद क्षेत्रको विकासका लागि भगीरथ प्रयास

**काठमाडौँ ।**
युवा तथा खेलकुद क्षेत्रको विकासका लागि पाँचवटा नीतिगत तथा कानुनी सुधारका प्रयास प्रारम्भ भएका छन् ।
युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय युवा नीति, २०८१ को मस्यौदा तयार गरी त्यसमा रायसँगै प्रस्तावित कार्यक्रममा सहमति दिन अर्थ मन्त्रालयसमक्ष अनुरोध गरेको छ ।
वर्तमान सरकारको एक सय दिनको उपलब्धिमा मन्त्रालयले राष्ट्रिय खेलकुद नीतिको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाएको विषयलाई समावेश गरेको छ । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को संशोधन मस्यौदा तयार भए तापनि त्यस सम्बन्धमा कानुन, न्याय तथा संसदीय मामिला र अर्थ मन्त्रालयकोसहमति लिन भने बाँकी रहेको जनाइएको छ ।
यसअवधिमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका तथा खर्चको आधार, २०८१ को मस्यौदामा मन्त्रालयको तर्फबाट पुनरावलोकन गरी अन्य प्रक्रियाका लागि राष्ट्रिय खेलकुद परिषद् पठाइएको उक्त मन्त्रालयले जनाएको छ ।
काठमाडौँमा निर्माण हुने मूलपानी क्रिकेट रङ्गशाला र विराटनगरको गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन तयारीलाई पनि खेलकुद मन्त्रालयले प्रगति विवरणमा समावेश गरेको छ । रासस

# अनुदानको भरमा कर्णाली प्रदेशको बजेट




**सुर्खेत ।**
सङ्घीयता कार्यान्वयन भएको छ वर्ष पूरा भइसक्दा पनि कर्णाली प्रदेश आन्तरिक आम्दानी बढाउन कमजोर देखिएको छ । विगत छ वर्षमा दुई खर्ब रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले यसबीचमा दुई अर्ब ७९ करोड ८२ लाख रुपैयाँ मात्र आम्दानी गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।
हालसम्म बजेटको एक दशमलव तीन प्रतिशत हिस्सा मात्रै आन्तरिक आम्दानीको देखिन्छ भने बाँकी सङ्घ सरकारको अनुदानमा निर्भर छ । प्रदेशमा उठेको राजस्वले सामान्य प्रशासनिक खर्चसमेत धान्न नपुग्ने प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ललित थापाले बताए । उनका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७४÷७५ मा काम चलाउको रुपमा एक अर्ब २० करोड रुपैयाँको बजेट ल्याएको थियो ।
आव २०७५÷७६ मा २८ अर्ब २८ करोड २८ लाख २८ हजार रुपैयाँको बजेट ल्याएको सरकारले आन्तरिक आम्दानीको लक्ष्य ५० करोड राखेकामा लक्ष्यको १४ दशमलव आठ प्रतिशत राजस्व सङ्कलन भएको सूचना अधिकारी थापाले जानकारी दिए । आव २०७६÷७७ मा ३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा आधाले घटाएर २५ करोड १० लाख ४१ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि सोको ९३.४० प्रतिशत सङ्कलन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आव २०७७÷७८ सरकारले ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार रुपैयाँ बजेट ल्याउँदा आन्तरिक आम्दानीको लक्ष्य ३० करोड ६५ लाख ३० हजार रुपैयाँ राखेको थियो । उक्त वर्ष लक्ष्यको दोब्बरभन्दा बढी अर्थात् ६३ करोड ९४ लाख ९३ हजार रुपैयाँ रकम राजस्व सङ्कलन भएको सूचना अधिकारी थापाले जानकारी दिए । त्यस्तै, आव २०७८÷७९ मा ६० करोड आन्तरिक आम्दानीको लक्ष्य राखेकामा ६६ करोड २४ लाख रुपैयाँ, आव २०७९÷८० मा ७१ करोड २९ लाख ७४ हजार रुपैयाँ राजस्वको लक्ष्य रहँदा सोको ८० प्रतिशत सङ्कलन गरेको थियो ।
गत आर्थिक वर्ष २०८०÷८१ मा ८३ करोड ६२ लाख १२ हजार रुपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको सरकारले ७२ करोड ५३ लाख ७४ हजार सात सय ४५ रुपैयाँ आम्दानी गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।
सरकारले चालु आर्थिक वर्षका लागि ३१ अर्ब ४१ करोड ४१ हजार रुपैयाँको बजेट ल्याउँदा ८३ करोड ४४ लाख ६५ हजार रुपैयाँ आन्तरिक राजस्व सङ्कलन हुने अनुमान गरेको छ ।

**किन बढेन आन्तरिक आम्दानी ?**
प्रदेश सरकारले आफ्ना आम्दानीका स्रोतहरु बढाउँदै आत्मनिर्भर हुनुपर्ने भए पनि आम्दानीका स्रोत पहिचान गर्न नसक्नुले आम्दानी बढ्न नसकेको विज्ञहरु बताउछन् । कर्णालीमा ठूला उद्योग सञ्चालन हुन नसकेको भन्दै आफ्ना आम्दानीका क्षेत्र पहिचान गर्न नसक्दा आन्तरिक आम्दानी खुम्चिएको मध्यपश्चिम विश्वविद्यालयमा अर्थशास्त्र अध्यापन गराइरहेका उपप्राध्यापक निर्मल थापाले बताए ।
‘सरकारले आफ्नो आम्दानीको स्रोत पहिचान गरी सदुपयोग गर्न सकेन’, उनले भने, ‘सरकारले स्रोत पहिचान, सदुपयोग गरी करको दायरा बढाउनुपर्नेमा त्यसो हुन नसक्दा आम्दानी नबढेका हो ।’
कर्णालीमा पर्याप्त मात्रामा प्राकृतिक संशाधन रहेको भन्दै यसको परिचालन गर्दै उद्योगधन्दा स्थापनातर्फ ध्यान दिएर बजेट विनियोजना गर्नुपर्ने उपप्राध्यापक थापाको सुझाव छ । करको दायरा बढाउन आम्दानीका स्रोतको पहिचान गर्नुपर्ने भन्दै सोपछि आन्तरिक आम्दानी बढाउन सकिने धारणा उनले राखे ।
अर्थ विश्लेषक पिताम्बर ढकालले पनि आम्दानीका स्रोतहरु खोजी हुन नसकेको भन्दै प्रशस्त सम्भावना रहेको कर्णालीका प्राकृतिक स्रोतसाधन परिचालन गरी आम्दानी बढाउन सकिने धारणा राखे । ‘जडीबुटीको हबका रुपमा रहेको कर्णालीमा जडीबुटी उत्पादनदेखि, प्रशोधन र औषधि उत्पादन गरेर बिक्रीवितरण गर्न सके प्रशस्त आम्दानी लिन सकिन्थ्यो, त्यसो हुन सकेको छैन’, उनले भने ।
सुर्खेतको पश्चिमी क्षेत्रमा चुन ढुङ्गाको सम्भावना रहेको भन्दै सोको शुभारम्भ समेत हुन नसक्नु दुखद विषय भएको भन्दै विश्लेषक ढकालले स्रोत पहिचान गरी सदुपयोग गर्न सके आन्तरिक आम्दानी वृद्धि हुँदै जाने उल्लेख गरे ।
प्रदेशसभाका सांसद एवं पूर्वआर्थिक मामिला तथा योजनामन्त्री बिन्दामान विष्टले आन्तरिक आम्दानी बढाउने उपायका सम्बनधमा यसअघि तयार भएको प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । ‘आफू मन्त्री भएको बेला बनाएको प्रतिवेदनमा उल्लेखित सुझावका आधारमा योजना बनाउन सके आम्दानीका स्रोतहरु वृद्धि गरेर आत्मनिर्भर प्रदेश बनाउन सकिन्छ’, उनले भने,‘नयाँ सरकारले उक्त प्रतिवेदन अध्ययन गरी आवश्यकता परे परिमार्जनसहित कार्यान्वयन गर्नुपर्ने हुन्छ ।’
प्रदेशको आम्दानीका लागि तोकिएका क्षेत्र कर्णालीमा सीमित रहेकाले आम्दानी बढ्न कठिनाइ हुने सांसद विष्टको तर्क छ । यस्तो अवस्थामा करका क्षेत्रहरु फराकिलो बनाउन प्रदेश सरकारले ध्यान दिनुपर्नेमा उनले सुझाव दिए ।

**यस्तो छ आम्दानी बढाउने तयारी**
संघ सरकार तथा संविधानले दिएको अधिकार अनुसार काम गर्ने वातावरण सिर्जना नगर्दा आन्तरिक आम्दानी बढाउन नसकिएको प्रदेश सरकारको दाबी छ । प्रदेशलाई आत्मनिर्भर बनाउने गरी आफूले योजना निर्माण गरिरहेको प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाहले बताए । चालु आवका लागि राखिएको राजस्वको लक्ष्यभन्दा बढी उठाउने गरी संयन्त्र बनाइएको योजना मन्त्री शाहले जानकारी दिए । ‘मेरो पहिलो योजना भनेको करका दायरा बढाउने हो, त्यसका लागि वित्तीय अनुसाशन चाहिन्छ’, उनले भने, ‘अहिलेसम्म प्रदेश सरकारले बनाउने बजेटको वित्तीय अनुशासन नभएकाले यसलाई व्यवस्थापन गर्दै दिगो र सवल अर्थतन्त्र हुनेगरी काम गर्दैछौँ ।
वित्तीय विधेयक मन्त्रिपरिषद्मा पेस गरेको भन्दै संसद्बाट पास भएपछि प्रदेशमा वित्तीय अनुशासन कायम हुने योजना मन्त्री शाहले बताए । यसले आम्दानीसँगै रोजगारी पनि सिर्जना हुने उनले दाबी छ । आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेको दुई महिना मात्रै भएको जनाउँदै उनले मन्त्रालयमा राजस्व शाखासमेत नरहेकाले सोको स्थापनाको तयारी भइरहेको बताए ।
‘प्रदेशलाई संविधानले कर उठाउने दायरा पनि सानो दिएको छ, कर्णालीको सन्दर्भमा पनि यो सानो भएकाले हामीले भने अनुसार आम्दानी गर्न सकिरहेका छैनौँ’, योजना मन्त्री शाहले भने, ‘यस विषयमा सङ्घीय सरकारसँग गहन रुपले छलफल गरी करको दायरा फराकिलो बनाउन पहल गर्नेछौँ ।’ साथै आन्तरिक स्रोत पहिचान गरी सोको सदुपयोग गर्दै आम्दानी बढाउने योजनामा प्रदेश सरकार रहेको उनले उल्लेख गरे । रासस

# राष्ट्रिय पुरुष क्रिकेटका लागि गण्डकीको टोली घोषणा

**कास्की ।**
नेपाल क्रिकेट सङ्घको आयोजनामा कोशी प्रदेशको विराटनगरमा हुने वाई–वाई पुरुष यू–१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा गरिएको छ ।
गण्डकी प्रादेशिक क्रिकेट सङ्घले गण्डकीका स्टार खेलाडी अर्जुन कुमालको कप्तानीमा मङ्गलबार १४ सदस्यीय टोलीको घोषणा गरिएको हो । कुमाल अण्डर १९ राष्ट्रिय टोलीका सदस्यसमेत हुनुहुन्छ । वाई वाई अण्डर १९ राष्ट्रिय क्रिकेट यही कात्तिक १० गतेदेखि सुरु हुँदैछ ।
प्रादेशिक टोलीको छनोटका लागि सङ्घले गत असोज ७ गते देखि १३ गतेसम्म पोखरा क्रिकेट रङ्गशालामा प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरेको थियो । तर सो प्रतियोगिता प्रतिकूल मौसमका कारण पूरा सञ्चालन हुन सकेको थिएन ।
प्रतियोगितामा सहभागी खेलाडीहरुको प्रदर्शन र सहभागी प्रशिक्षकहरुको रायका आधारमा पहिलो चरणमा ३७ खेलाडीहरुलाई बन्द प्रशिक्षणका लागि छनोट गरिएको प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए । असोज अन्तिम साता सञ्चालन भएको बन्द प्रशिक्षणपछि अन्तिम टोलीका खेलाडी चयन गरिएको हो ।
टोलीमा करन पगेनी, सोहेल कुँवर, बंश क्षेत्री, सुदीप अर्याल, नरेश शाह, अश्विन थापा, किरण भट्टराई, अपरिचित पौडेल, सुजन गौतम, विज्ञान पाण्डे, सुप्रिम सुनार, सिब्रिन श्रेष्ठ र रोहित चन्द रहेका छन् । वैकिल्पक खेलाडीमा सरोज खत्री, नितेश गिरी, सोनु यादव र अनिष ताम्राकार रहेका छन् । टोलीको प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापकमा अविशेषक ढकाल छन् ।
गण्डकीको टोली सन्तुलित रहेकाले उपाधिको दावेदार रहेको अध्यक्ष सिग्देलले बताए । उनले भने, ‘गण्डकीको टिममा नयाँ र अनुभवी दुवै खेलाडी छन् । टोली सन्तुलित छ । उपाधिको आस गरेका छौँ ।’ गण्डकीले प्रतियोगिताको आफ्नो पहिलो खेल कात्तिक ११ गते मधेश प्रदेशसँग खेल्नेछ । रासस

# भारतमा 'डिजिटल अरेस्ट'बाट अनलाइन ठगी, नेपाल कति चनाखो ?



> अनलाइन बयान वा सोधपुछ कानूनले नचिनको र सरकारी निकायले अभ्यासै नगरेको अनुसन्धान विधि हो । तर ठगी गर्ने गिरोहले भारतमा यसरी 'डिजिटल अरेस्ट' गरी पढेलेखेका र प्रतिष्ठितलाई नै ठगिरहेका छन् ।
>
> – रितेश त्रिपाठी

**काठमाडौँ ।**

भारतीय पत्रकार ऋचा मिश्रा २०२४ अक्बुटर ५ मा दिल्लीस्थित घरमा थिइन् । दिउसो १२ बजेर ५ मिनेटमा उनलाई एउटा फोन कल आयो । त्यसमा स्वचालित आवाजमार्फत आफ्नो कुरियरको जानकारी चाहिए १ र अन्य जानकारीका लागि २ थिच्न भनियो । उनले १ थचिन् ।

"मलाई मेरो कुनै कुरियर आएको हुनसक्ने लागेको थियो । उताबाट फेडेक्स कुरियरबाट करन बर्मा बोलिरहेको बताउँदै 'तपाईंलाई के मद्दत गर्न सक्छु' भनेर सोधे," ऋचाले आफूसँग भएको 'डिजिटल अरेस्ट'को घटनाबारे युट्युब भिडियोमा भनेकी छन् ।

ती व्यक्तिले ऋचालाई उनको आधार कार्डको नम्बर प्रयोग गरी मुम्बईबाट ताइवान कुरियर पठाइएको जानकारी दिए । आफूले त्यस्तो कुनै कुरियर नपठाएको भनेर उनले प्रतिवाद गरिन् । कसैले आधार कार्डको दुरुपयोग गरेको हुनसक्ने उताबाट जानकारी दिइन्छ । आफ्नो इन्कारी वक्तव्य रेकर्ड गराएपछि समस्या समाधान हुने पनि फोन गर्ने मानिसले बताउँछन् । 'मुम्बई पुलिसलाई पनि तपाईंले मागेको जानकारी दिनुहोला' भनेर सुझाव दिन्छन् ।

उताबाट बोल्ने मान्छेले कुरियरमा विभिन्न सामानका अतिरिक्त २०० ग्राम लागुऔषध पनि पठाइएको बताउँछ । उक्त सामान बरामद हुँदा १५ वर्षको जेल सजायको व्यवस्था रहेको भन्छ । त्यो कल कथित मुम्बई पुलिसलाई ट्रान्सफर गरिन्छ । उताबाट आफूलाई विनयकुमार चौधरी बताउने अर्को व्यक्तिले संवाद शुरू गर्छ, पछाडिबाट प्रहरी कन्ट्रोल रुमको जस्तो आवाज पनि आइरहन्छ ।



ऋचा आफूले कुनै सामान नपठाएको बताउँछिन् । तर उनलाई लागुपदार्थ सेवनकर्ता र कारोबारीको आरोप लगाएर केरकार शुरू हुन्छ । उनी आफू अनुसन्धानका लागि प्रहरीलाई सघाउन तयार रहेको बताउँछिन् ।

यति कुराकानी हुँदा करिब आधा घण्टा बित्छ । उताबाट अपशब्दको प्रयोग गर्दै नक्कली सोधपुछ अगाडि बढिरहेको थियो । उनको अफिस आउनेजाने समय र चढ्ने सवारीको विवरण पनि उताबाट बताइएपछि हैरान हुन्छिन् । उनलाई 'स्काइप' भन्ने मोबाइल एप डाउनलोड गर्न लगाइन्छ र त्यसमा कल गरेर बयान रेकर्ड गर्न भनिन्छ ।

स्काइप कलमा बर्दी लगाएका र झण्डासहितको टेबलपछाडि बसेका व्यक्ति देखिन्छन् । उनलाई कोठाको पर्दा बन्द गर्न लगाइन्छ । उता कोही व्यक्तिले बयान लिनेसँग २०७५ करोड रुपैयाँ सम्पत्ति शुद्धिकरणको मुद्दामा पहिला नै ऋचाविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको र तुरुन्तै गिरफ्तार गर्नुपर्ने सुनाउँछन् । उनलाई नक्कली बैंक खाता, पासपोर्ट र विभिन्न फर्जी कागजात स्काइपमै पठाइन्छ ।



यस्तो केरकार करिब दुई घण्टा चल्छ । 'अभद्र वार्तालापका कारण मैले रुन शुरू गरिसकेको थिएँ । सात दिनसम्म कसैसँग कुरा नगरी प्रत्येक दुई घण्टामा आफ्ना गतिविधिको जानकारी दिन भनियो', उनले भनेकी छन् । आधार कार्डको दुरुपयोगले आफू नराम्ररी फसिसकेको उनलाई लागेको थियो । उनले लागुऔषध मुद्दामा फस्नुभन्दा आफैलाई समाप्त पार्ने विकल्पमा पनि सोच्न थालेकी थिइन् ।

आफ्नो अन्तिम अवस्था बुबाआमालाई थाहा सोस् भनेर कागजमा लेखेर उनले एक जना आफन्तलाई ह्वाट्स एपमा पठाइन् । उताबाट आफन्तले 'यो ठगीका लागि गरिएको प्रयास हो' भन्दा उनलाई विश्वास नै भएन ।

त्यसपछि उनले आफ्ना हाकिमलाई फोन गरेर घटना सुनाइन् र आफू निर्दोष भएको पनि बताइन् । उनको हाकिमले अहिले यस्तो ठगी चलिरहेको भन्दै ढाडस दिए । हाकिमले लागातार सम्झाएपछि उनी हताश मानसिकताबाट बिस्तारै बाहिर आइन् । त्यसपछि उनलाई लाग्यो– भिडियो कलको रेकर्डबाट 'आर्टिफिसियल इन्टेलिजेन्ट' (एआई)को प्रयोग गरी उनीहरूले मेरो आवाज र भिडिओ नक्कल गरेर आफ्नो परिवारलाई ठग्न सक्छन् । उनले परिवारमा फोन गरेर सावधान गराइन् । यसरी 'डिजिटल अरेस्ट'बाट आत्महत्याको सोचसम्म पुगेकी उनी जोगिइन् । यस्ता ठगीबाट अरूलाई जोगाउन एउटा युट्युब च्यानलमा आफ्नो कथा सुनाइन् ।

अनलाइन बयान वा सोधपुछ कानूनले नचिनको र सरकारी निकायले अभ्यासै नगरेको अनुसन्धान विधि हो । तर ठगी गर्ने गिरोहले यसरी डिजिटल अरेस्ट गरी पढेलेखेका, व्यवसायिक र प्रतिष्ठितलाई नै फसाइरहेका घटना बाहिर आउन थालेका छन् । डिजिटल अरेस्टमा परेकासँग ठूलो रकम अनलाइन ट्रान्सफर गर्न बाध्य पारिन्छ ।

आफूलाई सरकारी गुप्तचर संस्था वा कुनै अनुसन्धान निकायको उच्च ओह्दाको अधिकारी भन्दै परिचय दिइन्छ । केही गम्भीर र महत्त्वपूर्ण विषयमा कुरा गर्न आवश्यक रहेको बताइन्छ । भिडियो कलमा आएर केही समान्य जिज्ञासाहरूको समाधान गर्न आग्रह गरिन्छ । यस प्रकारबाट हुने घटनाको जानकारी नभएकाहरू सजिलै जालोमा पर्छन् ।




त्यस्तै, सरकारी अड्डाजस्तो लाग्ने ठाउँमा बसेर उताका व्यक्तिले आफ्नो अनुहार देखिने गरी नै पनि कुरा गरिरहेका हुन्छन् । कार्यालयकै टेबुल कुर्सी, फाइल, उपकरण, दराज र काममा व्यस्त मान्छेहरू पृष्ठभूमिमा हुन्छन् । सम्पत्ति शुद्धीकरण, लागुपदार्थ कारोबार, मानव बेचबिखन वा आयकर छलीजस्ता गम्भीर प्रकृतिको गैरकानूनी गतिविधिमा संलग्न भएको प्रमाण प्राप्त भएको बताउँछन् । उक्त विषयमा निश्चित सवालहरूको जवाफ नदिइकन संवाद भंग गरे मुद्दा अझ गम्भीर हुने चेतावनी दिन्छन् । भारतका विभिन्न शहरमा पछिल्लो समय यसरी गरिने ठगीलाई 'डिजिटल अरेस्ट' भनिएको छ ।

डिजिटल गिरफ्तारीको 'मोडस अपरेन्डी' (विधि) प्रयोग गरेर भारतको परमाणु ऊर्जा विभागअन्तर्गत एक संस्थानका कर्मचारीलाई ७१ लाख रुपैयाँ ठगेको मध्य प्रदेशस्थित इन्दोरका प्रहरीले गत शुक्रबार खुलासा गरे । भारतीय दूरसञ्चार नियामक प्राधिकरणको अधिकारीका रूपमा आफूलाई प्रस्तुत गरी पीडितलाई अवैध विज्ञापन र टेक्स्ट म्यासेज पठाएको आरोप लगाएका थिए ।

राजा रामन्ना एडभान्स टेक्नोलोजी सेन्टर (आरआरसीएटी)मा वैज्ञानिक सहायकको रूपमा कार्यरत ती कर्मचारी डिजिटल अरेस्टमा परेका थिए । उनले गत सेप्टेम्बर १ मा उनको नाममा दिल्लीबाट जारी गरिएको 'सिमकार्ड'मार्फत महिला उत्पीडन सम्बन्धी टेक्स्ट म्यासेज पठाइएको भनिएको थियो । उनविरुद्ध सम्पत्ति शुद्धीकरण र मानव बेचबिखनमा पक्राउ पुर्जी जारी गर्ने धम्की दिइएको थियो ।

एक नक्कली सीबीआई अधिकारीले भिडियो कलमा सोधपुछ गर्दै जाँदा पीडित त्रसित भए । उनले यसरी ठगीको जालो विछ्याउनेहरूले दिएको खातामा ७१.३३ लाख रुपैयाँ जम्मा गरिदिएको भारतीय सञ्चारमाध्यमलाई इन्दोरका प्रहरी अतिरिक्त उपायुक्त राजेश डन्डोटियाले बताएका छन् ।

**नेपालमा के छ ?**

नेपालमा डिजिटल अरेस्टका गतिविधि प्रकाशमा नआएको नेपाल प्रहरीको साइबर ब्युरोले जनाएको छ । अनलाइन 'स्क्याम'हरू भने ह्वातै बढेको ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दीपकराज अवस्थी बताउँछन् । 'स्क्याम सामान्य ठगीभन्दा फरक हो, यसमा व्यक्तिलाई प्रलोभनमा पारेर पैसा एक पटक वा पटक पटक गरेर लिइरहेको देखिन्छ', उनी भन्छन्, 'आर्थिक वर्ष २०७९÷८० मा सामाजिक सञ्जालको खाता ह्याक गरेर भएका ठगी धेरै थिए, अहिले स्क्याम धेरै छन् । यसपालि साउन, भदौ र असोज गरी तीन महिनामै पाँच हजार ३०० साइबर अपराधका घटना भएका छन्, यसमा सबभन्दा बढी स्क्याम छन् ।' अवस्थीका अनुसार विभिन्न खाले विज्ञापनमार्फत प्रलोभनमा पारी अनलाइन गेम खेल्न लगाउने र अनेक प्रलोभन र बाध्यतामा पारेर एकमुष्ठ ठूलो रकम ठग्ने घटना पनि भएका छन् । चालु आर्थिक वर्षको पहिलो तीन महिनामै २५ करोडभन्दा बढीका ठगीसम्बन्धी उजुरी साइबर ब्युरोमा आइसकेको उनले जानकारी दिए । 'यो भनेको साइबर ब्युरोमा आएको मुद्दाको मात्र विवरण हो, प्रहरीका विभिन्न इकाइ र जिल्ला प्रहरीमा पनि यस्ता ठगीका मुद्दा आउछन्', उनी भन्छन्, 'गत शुक्रबार मात्र एक महिलाले चरिकोटबाट आफूसँग १५ लाख ठगी भएको भनेर फोन गरेकी थिइन्, उनलाई नजिक र सजिलो पर्नेगरी मैले जिल्ला प्रहरी कार्यालय दोलखामा जाहेरी दिन भनेको छु ।' विभिन्न सामाजिक सञ्जाल प्रयोग गरी अनेक बहानामा ठग्ने, महिलालाई चरित्र हत्याको धम्की दिएर ब्लेकमेल गर्ने, बैंक खाताहरूको जानकारी हात पारी पैसा गायब गर्नेजस्ता साइबर अपराध हुने गरेको अवस्थी बताउँछन् । उनी भन्छन्, 'चिट्ठा, गिफ्ट, सस्तो फ्ल्याट, आकर्षक जागिर, अनलाइन सपिङ र मेरो सम्पत्तिको उत्तराधिकारी बनिदिनुस् जस्ता प्रलोभनमा पर्नु हुन्न भन्ने कुरा मानिसहरूले बुझ्नुपर्छ ।' आफुसँग यस्ता गतिविधि भए प्रहरीलाई निर्धक्क बताउन उनी सल्लाह दिन्छन् ।

# पार्टीभित्रैका दलालका कारण बदनामीः यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृका यादवले इमान्दार जनताको भोट दलाल र बेइमान नेताले बिक्री गरिरहेको बताएका छन् । पर्साको विन्दवासिनीमा बुधबार मुकेश चौरसियाको चौथो स्मृतिसभामा नेता यादवले क्रान्तिकारी जनता कहिल्यै निर्वाचनमा बिक्री नहुने बताउँदै दलाल र भ्रष्ट नेताले इमान्दार नेपाली जनताको मत बेच्ने काम गर्दा देश सुधार हुन नसकेको बताए ।
मुकेश चौरसियालाई शहीद घोषणा नगर्नुमा केन्द्रका नेताहरु मात्रै दोषी नभई स्थानीय नेता पनि जिम्मेवार रहेको उनको तर्क थियो । उनले नेपालमा शहीदलाई बेचेर खाने दलाल प्रवृत्तिका व्यक्ति धेरै रहेको र त्यस्तो प्रवृत्तिले मुकेश चौरसिया जस्ता होनहार कार्यकर्ता र उनका परिवारले न्याय नपाएको हुनसक्नेतर्फ सचेत रहन आग्रह गरे । उनले पार्टी भित्रका दलाल प्रवृत्तिका नेताले पार्टीका शीर्ष नेताहरु र पार्टीलाई बदनाम गरिरहेको बताए ।
मधेशी राष्ट्रिय मुक्तिमोर्चा नेपालका इञ्चार्ज समेत रहेका नेता यादवले नेतालाई खराब देखाउने पार्टीभित्रका दलाल प्रवृत्तिका व्यक्तिले गर्दा पार्टी कमजोर भएको बताए । मुकेश चौरसियाका बाबु रामनाथ चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा मधेश प्रदेश संसदीय दलका नेता एवम् पूर्वअर्थमन्त्री भरतप्रसाद साह, मधेशी राष्ट्रिय मुक्तिमोर्चाका संयोजक तथा पूर्व सांसद जगत यादव, पार्टीकी केन्द्रीय सदस्य गीता कँडेल, नेकपा माओवादी केन्द्र मधेश प्रदेश कमिटी सदस्य छोटेलाल यादव, शिवशंकर यादव, पर्सा क्षेत्र नम्बर २ का अध्यक्ष अमिताभ बच्चन दासलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# यादव राजनीतिक सल्लाहकार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले रौतहटको दुर्गा भगवती गाउँपालिका वडा नम्बर ४ का सञ्जयकुमार यादवलाई राजनीतिक सल्लाहकार नियुक्त गरेका छन् । युवा जनमत संघका केन्द्रीय संयोजकसमेत रहेका युवा नेता यादवलाई मुख्यमन्त्री सिंहले बुधबार राजनीतिक सल्लाहकार नियुक्त गरेका हुन् ।

# शास्त्रीय भाषाको दर्जा दिने दिनमा दूतावासमा उत्सव




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले मराठी, बंगाली, असामी,पाली र प्राकृतलाई शास्त्रीय भाषाको दर्जा दिने दिनमा उत्सव मनाएको छ । दूतावासका महावाणिज्यदूत देवी सहाय(डि.एस) मिनाले भारत सरकारद्वारा मराठी, बंगाली, असामी, पाली र प्राकृतलाई शास्त्रीय भाषाको दर्जा दिने दिनलाई ऐतिहासिक कार्यक्रम गरी मनाएको जनाएका छन् । नेपाल र भारतबीच सांस्कृतिक, धार्मिक र भाषिक सम्बन्ध आदिकालदेखि चलि आएको र यो दुवै देशको बिरास्त समेत रहेको महावाणिज्य दूत मिनाले बताए । 'कार्यक्रमले भाषाहरूको समृद्ध भाषिक र सांस्कृतिक सम्पदालाई सम्मान गर्न आयोजना गरिएको थियो, जसले भारतको साहित्यिक, ऐतिहासिक र बौद्धिक परम्पराहरूमा ठूलो योगदान पुऱ्याएको छ ।' उनले भने, 'त्यस्तै यो क्षण प्रत्येक भारतीयका लागि गर्वको क्षण हो, किनकि मराठी, बंगाली, असामी, पाली र प्राकृतलाई शास्त्रीय भाषाको रूपमा मान्यता दिलाउनका लागि उनीहरूको ठूलो योगदानलाई स्वीकार गर्दछ । हाम्रो राष्ट्रको सम्पदा आज, हामी भाषाहरू मात्र होइन, तिनीहरूले शताब्दीयौंदेखि पालना गरेका मानिसहरू, साहित्य र परम्पराहरू मनाउँछन् ।'
कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ पत्रकार चन्द्रकिशोरले भारतले विविधता, धार्मिक सम्पदा, संस्कृति र भौगोलिकता बिरासतमा पाएको बताए । हरेक भाषाले फरक फरक ठाउँको प्रतिनिधित्व जोडने काम गर्छ र हरेक संस्कृति र ठाउँले त्यस स्थानको पृष्ठभूमिलाई दर्शाएको पक्रकार चन्द्रकिशोरले बताए । कार्यक्रममा मराठी, बंगाली र असमिया समुदायहरूले सांस्कृतिक प्रस्तुतिहरू समेत प्रस्तुत गरेका थिए ।
कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल, उपाध्याक्ष माधव राजपाल वरिष्ठ उद्योगपति अशोक वैद्य, वरिष्ठ पत्रकार चन्द्रकिशोरलाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो । कार्यक्रममा काउन्सुलर इसिसी शतिस पतोदी, काउन्सुलर डिसिएस मनिश कुमार, काउन्सुलर पिएस्सी सन्जय कुमारको उपस्थिति रहेको थियो ।

# काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै



**मधेशदृष्टि**
**चन्द्रपुर ।**
केही वर्षयता रौतहटका वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै गएको छ । छिटोछरितो हुने भएकाले काठ तस्करहरुले भारतीय नम्बरका साना सवारीसाधनको प्रयोग गर्दै आएको पाइएको छ । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले दिएको तथ्याङ्कअनुसार गत असोजमा मात्रै दुई वटा पिकअप भ्यान र एक थान ट्र्याक्टर बरामद गरेको छ । कार्यालयका सूचना अधिकारी महालक्ष्मी शर्माले गत असोज ७ गते तीनजनासहित ३४ क्युफिट काठ, एउटा पिकअप भ्यान वन गस्तीमा खटिएको टोलीले पक्राउ गरेको थियो । गत असोज ८ गते ना ४ च ८७९४ नं को टाटा पिकअपबाट १४ दशमलव २० क्युफिट काठसहित दुईजनालाई पक्राउ गरिएको सूचना अधिकारी शर्माले जानकारी दिए । उनका अनुसार असोज २३ गते ८६ क्युफिट काठ, प्रदेश २—०३—००१ त २०८० नं को ट्र्याक्टरसहित तीनजनालाई पक्राउ गरिएको छ ।
गत आर्थिक वर्षमा विभिन्न मितिमा पाँच थान पिकअप भ्यान र पाँच थान ट्र्याक्टर काठ चोरी भएकामा वन कर्मचारीले खोजी गरी पक्राउ गरेको थियो । साथै मोटरसाइकल, साइकल, टायगाडामार्फत पनि काठ तस्करी भइरहेको भन्दै यी सवारीसाधन सुराकीको आधारमा तथा वनको नियमित गस्ती गर्ने क्रममा पक्राउ परेका सूचना अधिकारी शर्माले जानकारी दिए ।
गत आवमा काठ चोरी गर्ने ४९ जनामाथि मुद्दा चलाइएको जनाउँदै उनले एक हजार एक सय ९४.५८ क्युफिट काठ बरामद गरिएको उल्लेख गरे । आव २०७९÷८० मा ९५ वटा सवारीसाधनसहित दुई हजार पाँच सयबढी क्युफिट काठ बरामद गरेको थियो । सो अवधिमा काठ ढुवानी गर्न प्रयोग भएका पिकअप भ्यान आठ, ट्र्याक्टर तीन, ट्रक, मिनिट्रक र स्कारपियो एक÷एक, साइकल ६५, मोटरसाइकल पाँच र रिक्सा ९५ वटा बरामद गरिएको थियो । ती तस्करीमा संलग्न ५० जना तस्करलाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको थियो ।
सङ्घीय र प्रदेशको कानुन बाझिँदा बरामद गरिएका सवारीसाधन र काठ लिलाम नहँ◌ुदा ती सवारीसाधन र काठ कुहिने अवस्थामा पुगेका डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्त साहले बताए । 'विगत १२ वर्षदेखि ती काठ र सवारीसाधनको लिलाम हुनसकेको छैन भने हालसम्म कुनै पनि मुद्दाको किनारा लाग्न सकेको छैन', उनले भने ।
कानुनी स्पष्टता नहुँदा कुनै पनि मुद्दाको फैसला नभएको भन्दै काठ र सवारीसाधनको लिलाम हुन नसकेको प्रमुख साहले बताए । यो समस्या देशव्यापी रुपमा रहेको उल्लेख गर्दै उनले समस्या समाधान गर्न सङ्घीय सरकारसँग समन्वय भइरहेको जानकारी दिए । बरामद काठ र सवारीसाधनको लिलाम नहुँदा राजस्व सङ्कलनमा कमी आएकाले तत्काल समाधानको पहल थाल्नुपर्ने उनको भनाइ छ ।

# परालमुनि लुकाएको काठ बरामद



रौतहटस्थित एकजना तस्करले खेतमा लुकाइराखेको सालको काठ बरामद गरिएको छ । सेक्टर वन कार्यालय जंगलसहिया र सशस्त्र प्रहरी बेस क्याम्प हरिनगर पोखरभिन्डा, प्रहरी चौकी छेदिचौकको संयुक्त टोलीले एकजनाको खेतमा परालले छोपेर राखेको सालको गोलिया काठ बरामद गरेको हो । सूचनाको आधारमा डिभिजन वन कार्यालय रौतहटका सहायक अधिकृत एवम् सेक्टर वनका प्रमुख राजेश कुमार साहको कमाण्डमा खटिएको संयुक्त टोलीले कटहरिया नगरपालिका २ जमुनिया गाउँ छेउमा रामजनम दासको खेतमा परालले छोपिरहेको अवस्थामा ४ वटा सालको गोलिया काठ बरामद गरेको प्रहरीले जनाएको छ । करीब १६ क्युफिट बरामद काठ आवश्यक कारवाहीको लागि सेक्टर वन कार्यालय जंगलसहिया लागिएको तथा काठ बारे अनुसन्धान भईरहेको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ । हिन्दूहरूको पर्व तिहारको अवसरमा वन कर्मचारी तथा वन सुरक्षाकर्मी घर बिदामा गएको मौका छोपेर तस्करहरुले निर्वाध रूपमा काठको चोरी निकासी गर्ने गर्दछन् ।

# बिऱ्यानी हाउसहरुमा सडेको मासुबाट बनाएको बिऱ्यानी भेटियो

*नेपाल सरकारको निकायमा दर्ता नभई सञ्चालनमा रहेका बिरयानी हाउसहरुलाई तुरुन्तै दर्ताको लागि प्रकृया थाल्न निर्देशनपनि दिइएको अनुगमन टोलीमा सहभागी होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष हरि पन्तले जानकारी दिए ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका बिरयानी हाउसहरुले कुखुराको सडेको मासु बिक्री गर्दै आएको भेटिएको छ । बुधबार बजार अनुगमन समितिले वीरगंजका चार वटा बिरयानी हाउस छड्◌ेक अनुमगन गर्ने क्रममा दुई वटा होटलमा कुखुराको सडको मासु र म्याद गुज्रिएका मसालाबाट बिरयानी बनाएर बिक्री गर्ने गरेको भेटिएको हो ।
बुधबार खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन कार्यालयका खाद्य अनुसन्धान अधिकृत सुरेशकुमार सिंह नेतृत्वको टोलीले ताज बिरयानी, जाईका बिरयानी, लजिज बिरयानी र शाम मुरादावादी बिरयानी हाउसमा छड्के अनुगमन गरेको हो । अनुगमनका क्रममा जाइका बिरयानी र ताज बिरयानी हाउसमा कुखुराको सडेको मासु र म्याद गुज्रिएका मसलाहरु भेटिएपछि जनही १०÷१० हजार रुपैयाँ जरिवाना गर्दै एक पटकका लागि सचेत गराइएको खाद्य अनुसन्धान अधिकृत सिंहले जानकारी दिए । साथै अनुगमनका क्रममा भेटिएको सडेका मासु, म्याद गुज्रिएका मसला लगायतका बस्तुहरु नष्ट गरिएको उनले बताए ।



यसका साथै नेपाल सरकारको निकायमा दर्ता नभई सञ्चालनमा रहेका बिरयानी हाउसहरुलाई तुरुन्तै दर्ताको लागि प्रकृया थाल्न निर्देशनपनि दिइएको अनुगमन टोलीमा सहभागी होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष हरि पन्तले जानकारी दिए । अनुगमन टोलीमा वीरगंज महानगरपालिकाका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत बिपिन कुमार दास, वीरगंज उद्योग बाणिज्य संघका सचिव मनोज दास, उपभोक्ता हित संरक्षण मन्चका अध्यक्ष अजित भुजेल, जिल्ला प्रशासन कार्यालय पर्साका प्रतिनिधी लगायतकोपनि सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन